**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं**

- धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं ।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं ।
- धुम्रपान गर्नेहरूको सङ्गतबाट टाढा रहौं ।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुर्‍याउँछ।

त्यसैले,

**धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक
दैनिक

राष्ट्रिय 'क' वर्ग

epratee kdaily.com




❖ वर्ष ३६ ❖ २०७९ कात्तिक ०७ गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 October 24 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६२

## जनता दीपावली/छठको तयारीमा, नेता घरदैलोमा

प्रस, वीरगंज, ६ कात्तिक/

पर्सामा प्रतिनिधिसभाका चारवटा क्षेत्र र प्रदेशसभाका आठवटा क्षेत्रमा मङ्सिर ४ गते हुने निर्वाचनलक्षित घरदैलो कार्यक्रम जारी छ ।

दल र स्वतन्त्र उम्मेदवारहरूले बिहान, दिउँसो, साँझ घरदैलो कार्यक्रम गर्दै आएका छन् । यसका अतिरिक्त अगुवा कार्यकर्ता भेला, पार्टी प्रवेश, सम्मानलगायतका कार्यक्रमहरूलाई निरन्तरता दिएका छन् । निर्वाचन आयोगले कात्तिक १८ गतेदेखि मात्र जनसभा, कोणसभालगायतका कार्यक्रमहरू गर्न र त्यसअघि घरदैलोबाहेकका कार्यक्रममा निषेध गरेको कारण दल र स्वतन्त्र उम्मेदवारहरू घरदैलो कार्यक्रमलाई अधिकतमरूपमा प्रयोग गरिरहेका छन् ।

उम्मेदवार, तिनका समर्थकहरू जहाँ चुनावी प्रचारमा व्यस्त छन्, त्यही जनता भने दीपावली र छठको तयारीमा छ । दीपावलीको पूर्वसन्ध्यामा उनीहरू घर लिपपोत, सरसफाइ, किनमेलमा व्यस्त छन् । यसपटक दीपावली सकिए लगत्तै छठ पर्व शुरू हुने भएकोले हिन्दू धर्मावलम्बीहरू दुवै पर्वको तयारीमा व्यस्त छन् । दीपावली र छठको व्यस्ततासँगै जनताले नेताहरूलाई पनि समय दिनुपरेको छ ।


तस्वीरः प्रतीक

यसै क्रममा पर्सा क्षेत्र नं १ को वीरगंज महानगरपालिका-१५ भिस्वा र १६ नगवामा जसपा-एमाले गठबन्धनबाट प्रतिनिधिसभाका उम्मेदवार प्रदीप यादवले रोड शो कार्यक्रमलाई निरन्तरता दिएका छन् । मुख्यमन्त्री लालबाबूराउत गद्दीसँगै उनले आज सो क्षेत्रमा जसपा-एमाले गठबन्धनका उम्मेदवारहरूलाई विजयी गराउन आग्रह गरे ।

प्रतिनिधिसभाका उम्मेदवार यादवले आफू सांसद हुँदा र सानो समयको लागि मन्त्री हुँदा पर्सा जिल्लाको विकासमा भ्याएसम्मको विकास गरेको दाबी गरे । उनले आफूलाई जिताए आगामी दिनमा बाँकी काम पनि पूरा गर्ने आश्वासन दिए । वर्तमान सत्तारूढ गठबन्धनले एकलौटीरूपमा शासन चलाएको र यसबाट गणतन्त्र र लोकतन्त्रलाई खतरा भएको भन्दै उनले जसपा-एमाले गठबन्धनका उम्मेदवारलाई जिताउन आग्रह गरे ।

सत्तारूढ गठबन्धनबाट पर्सा क्षेत्र नं ३ मा प्रतिनिधिसभा उम्मेदवार सुरेन्द्रप्रसाद चौधरी र प्रदेशसभाका उम्मेदवार जनार्दनसिंह क्षत्रीले मुकेश चौरसियाको दोस्रो स्मृति दिवसमा सहभागी भएर चुनावी प्रचार गरेका छन् । कार्यक्रममा प्रतिनिधिसभाका उम्मेदवार चौधरीले शहीद मुकेश चौरसियाको सपना साकार गर्न आफू सदैव तयार रहेको दाबी गरे । उनले चौरसिया गापाको सच्चा, कर्मठ पार्टीका सिपाही भएको दाबी गरे ।

कार्यक्रममा माओवादी केन्द्रकी नेत्री उर्मिला अर्याल, प्रदेशसभा उम्मेदवार क्षत्री, नेकपा (एकीकृत समाजवादी)का नागेन्द्र चौधरी, नेपाली काङ्ग्रेसका दीपनारायण रौनियार र माओवादी केन्द्रबाट सो क्षेत्रमा प्रदेशसभा सदस्यका उम्मेदवार छोटेलाल यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यसैगरी पर्सागढी नगरपालिकाको बर्वाटाँडी, हरदासपुर, छौटैली, बकनेर्वा, परशुरामपुर, भेडाहा टोलमा पर्सा निर्वाचन क्षेत्र नं २ प्रतिनिधिसभा सदस्यका उम्मेदवार अजयकुमार चौरसिया र २ (क) प्रदेशसभा सदस्यका उम्मेदवार श्यामप्रसाद पटेलले घरदैलो कार्यक्रम गरेका छन् ।

## मेनरोडका ११९ जनाले नक्शा बुझाए तर कारबाई प्रक्रिया सुस्त

प्रस, वीरगंज, ११ असोज/

वीरगंज महानगरपालिकाले मेनरोडमा रहेका घरधनीहरूलाई नक्शापास भए/नभएकोबारे सूचित गर्न गत असोज २५ गतेसम्मको समयसीमा दिएकोमा ११९ जनाले मात्र नक्शा बुझाएका छन् ।



तस्वीरः फाइल

वीरगंज महानगरको नक्शा महाशाखाले जनाए अनुसार असोज २५ गतेसम्मको समयसीमामा ११९ जनाले नक्शा बुझाएका छन् । महानगरले गण्डकदेखि शङ्कराचार्य द्वारसम्म मेनरोडमा रहेका घरधनीहरूलाई आफूले नक्शापास गरे/नगरेबारेमा महानगरलाई जानकारी गराउन ३५ दिनको सूचना जारी गरेको थियो । महानगरको गणनामा मेनरोडमा ९३६ जना घरधनी छन् ।

महानगरपालिकाले मेनरोडका घरहरूको के कसरी नक्शापास भएको छ र ककसले नक्शापास गरे/नगरेकोबारे अद्यावधिक गर्नका लागि र सोही अनुसार कारबाई प्रक्रिया अगाडि बढाउने अभिप्रायले मेनरोडमा घर बनाएकाहरूसँग नक्शा माग गरेको थियो । अहिले नक्शा बुझाउने ११९ जनामध्ये केहीले नक्शा इजाजतपत्रमा हेरफेर गरेर बुझाएको नक्शा महाशाखाले जनाएको छ । मेनरोडमा रहेका घरहरूको नक्शापास गर्दा महानगरले यसअघिदेखि सरकारले आवश्यक परेको बेलामा घर तोडफोड गरी सडकको जग्गा लिन सक्ने प्रावधान अनुसार घरधनीहरूसँग हस्ताक्षर गराउँदै आएको छ । मेनरोडमा भएका घरधनीहरूले महानगरको सो शर्तलाई मानेर नक्शापास गरेको देखिन्छ ।

महानगरले यो कदम चाले पनि मुखमा चुनाव भएकोले चुनावअघि यस सम्बन्धमा कुनै कारबाई हुने लक्षण देखा परेको छैन । सङ्कलित नक्शा त्यत्तिकै फाँटमा राखिएका छन् र त्यस सम्बन्धमा कुनै पनि कारबाई प्रक्रिया अगाडि नबढेको नक्शा महाशाखाले जनाएको छ ।

## आयुर्वेद विश्वको पुरानो उपचार पद्धति -मिश्र

प्रस, वीरगंज, ६ कात्तिक/

आयुर्वेद उपचार पद्धति विश्वकै पुरानो उपचार पद्धतिको रूपमा रहेको मधेस प्रदेशका प्रमुख हरिशङ्कर मिश्रले बताएका छन् ।



तस्वीरः प्रतीक

धन्वन्तरि जयन्तीको अवसरमा भारतीय महावाणिज्य दूतावास, वीरगंजले आयोजना गरेको आयुर्वेद उपचारसम्बन्धी एक दिने विचार गोष्ठीमा मिश्रले घरको भान्सादेखि खेतबारीमा आयुर्वेदिक औषधिहरू पाइने गरेको तर यसको प्रचारप्रसारको कमीका कारण आमजनता सचेत नभएको बताए । उनले गाउँघरमा पाउने विभिन्नखाले बिरुवाहरू कुन रोगको अचूक औषधिको रूपमा काम गर्छ, सोको प्रचारप्रसारको जिम्मा राज्यको रहेको बताए । उनले यो उपचार पद्धतिलाई राष्ट्रियकरण गर्न आवश्यक रहेको बताए । मिश्रले भारतीय महावाणिज्य दूतावासले बर्सेनि योग, आयुर्वेदलगायत विषयमा कार्यक्रम गरेकामा धन्यवाद दिए ।

कार्यक्रममा महावाणिज्यदूत नितेश कुमारले भारत सरकारले आजैका दिन भारतलगायत विश्वभरि रहेका दूतावासमार्फत चेतना फैलाउने कार्य गरिरहेको बताए । सन् २०१३ देखि भारतमा रहेका अन्य मुलुकका प्रतिनिधि, विदेश मन्त्रालय, उच्चपदस्थ अधिकारीको प्रत्यक्ष सहभागितामा आयुर्वेदलाई जीवनपद्धतिमा कसरी लागू गर्नेबारे जानकारी गराउँदै आएको बताए ।

कार्यक्रममा डा सूचित शर्मा, डा प्रभाकर मनु, डा मनीष सिंह, राकेश सिंहले आयुर्वेद उपचार पद्धतिबारे जानकारी गराएका थिए । गोष्ठीमा राजनीतिक दल, सुरक्षाकर्मी, समाजसेवीलगायतको सहभागिता थियो । कार्यक्रमको सञ्चालन दूतावासका कर्मचारी तरुण कुमारले गरेका थिए ।

## मधेस प्रदेश सबैभन्दा बढी लेडको जोखिममा

प्रस, वीरगंज, ६ कात्तिक/

नेपालमा लेडको विषबाट बचाउको लागि अन्तर्राष्ट्रिय सचेतना सप्ताह वीरगंजबाट शुभारम्भ भएको छ ।

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र तथा विश्व स्वास्थ्य सङ्गठनको सहयोगमा जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र, काठमाडौंले लेडयुक्त पेन्ट उन्मूलनका निम्ति अन्तर्राष्ट्रिय सञ्जाल कात्तिक ६ देखि १२ गतेसम्म दशौं अन्तर्राष्ट्रिय सचेतना सप्ताह मनाउने कार्यक्रम अन्तर्गत आजदेखि शुभारम्भ भएको हो ।

वीरगंजमा सचेतना सप्ताहको लागि जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्र, काठमाडौंले सूर्योदय युवा क्लबको सहकार्यमा आयोजना गरेको कार्यक्रमको उद्घाटन नगरप्रमुख राजेशमान सिंहले गरेका थिए ।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा जनस्वास्थ्य तथा वातावरण प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक एवं वातावरण वैज्ञानिक रामचरित्र साहले कार्यपत्र प्रस्तुत गर्दै नेपाल सरकारले पेन्टमा तोकेको लेड (सीसा) मापदण्डको प्रभावकारिता सम्बन्धी अध्ययन प्रतिवेदनमा सातै प्रदेशबाट सङ्कलित ३७ वटा पेन्ट उद्योगका ६२ किसिमका रङको इनामेल पेन्टमा गरिएको अध्ययनमा ३२ वटा पेन्टमा मात्र लेडको तोकिएको अधिकतम मापदण्ड ९० पिपिएमभन्दा कम पाइएको र ३० वटा पेन्टमा अधिकतम मापदण्ड ९० पिपिएमभन्दा बढी पाइएको बताए । उनले मापदण्डको परिपालनाको अवस्थामा पहिलेभन्दा सुधार देखिए पनि अझै सुधारको आवश्यकता रहेको बताए ।

नेपाल सरकारले २०७१ पुस ७ गते राजपत्रमा प्रकाशित गरेर पेन्टमा लेडसम्बन्धी बाध्यकारी मापदण्ड ९० पिपिएम तोकेको थियो । उनले मधेस प्रदेशस्थित पेन्ट उद्योग र उत्पादित पेन्ट उद्योगमा अत्यधिक घातक रसायन लेड (सीसा) पाइएको र वीरगंज औद्योगिक क्षेत्रमा भएका बालबालिकाहरूको रगतमा गरिएको लेडसम्बन्धी वैज्ञानिक अध्ययन अनुसन्धान अनुसार शतप्रतिशत बालबालिकाको रगतमा लेड पाइएकाले मधेस प्रदेशको स्थिति छ प्रदेशको तुलनामा निकै चिन्ताजनक रहेको बताए ।




कार्यक्रममा विश्व स्वास्थ्य सङ्गठनको नेपालस्थित वरिष्ठ कार्यक्रम अधिकृत राजाराम कोटे श्रेष्ठ, प्रमुख भन्सार अधिकृत राजेन्द्रप्रसाद चुडाल, मधेस प्रदेश उद्योग, पर्यटन तथा वन मन्त्रालयका उपसचिव अञ्जना कायस्थ, प्रादेशिक अस्पताल, पोखरियाका डा शैलेश ठाकुर, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका वरिष्ठ चिकित्सक डा भक्तबहादुर केसी, उपभोक्ता हकहित संरक्षण मञ्च मधेस प्रदेशका अध्यक्ष केसी लामिछाने, घरेलु तथा साना उद्योग महासङ्घ पर्सा एकाइका हीरालाल साह कानूलगायत पेन्ट उद्योगका प्रतिनिधिहरूको सहभागिता थियो ।



## विचारसार र सूक्तिहरू

**ठेस जाग्दा पनि खस्दैनौ भने भन्ठान तिमीमाथि माथिवालाको अपार स्नेह छ ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## साझा बन्दै पर्वहरू

**हिन्दूहरूको साझा पर्व दशैं सकिएको छ र दीपावली तथा छठ मुखमा छ । अब हिजोको दिनमा तराईमा मात्र मनाइने छठ अहिले देशभरि प्राय: स्थानमा मनाउन थालिएको छ । यसपटक दीपावली सकिए लगत्तै छठ पर्व शुरू हुन्छ । गर्मीको अवरोह र चीसोको आरोहण हुने सन्धि बेलामा यी सबै चाड मनाइनुले हामीमा जलवायुप्रतिको चासोलाई व्यक्त गर्दछ । जलवायुप्रति हाम्रो संवेदनशीलता कति गहिरो थियो भन्ने कुरा हाम्रा पुर्खाहरूले त्यसै बेला बुझेका थिए, जब जलवायुको प्रचण्डता अहिलेजस्तो थिएन । पहिले सम रहेको जलवायु अहिले विषम भएको छ, अहिले हामी बढी संवेदनशील हुनुपर्ने हो । तर अहिलेजति असंवेदनशील हाम्रो समाज कहिले थियोजस्तो लाग्दैन । किनकि चाडपर्वहरूको सरोकार जति मौसमसँग छ, त्यति अन्य कुनै कुरासँग छैन। धर्म, रीतिरिवाज, संस्कृति त पछि कालक्रममा जोडिंदै गएका हुन् । मानिस बाध्य हुन्छ भनेर चाडपर्वहरूमा धर्मको चास्नी हालेको मात्र हो। वस्तुत: धर्म भनौं वा चाडपर्वहरू सबैको उद्देश्य मानिसलाई सुखी जीवन बिताउने शैली छनोट मात्र हो। कसलाई के मन पर्छ, सोही मार्गमा हिंडेर आफूलाई सुखी र खुशी पार्न सकोस्।**

**हिन्दू धर्म वर्णाश्रम व्यवस्थामा टिकेको जीवनशैली हो। यसको गहन महत्त्व छ । कालान्तरमा वर्णलाई जात मान्न थालेपछि यसमा विकृति र विसङ्गति उत्पन्न भएको हो। चार दिशा, चार आश्रम र चार कार्य–व्यापार । यसलाई नै समाजमा बलशालीहरूले आफूअनुकूल व्याख्या गरे र आज हामी विभिन्न अबगालमा भासिन पुगेका छौं। शिक्षा, सुरक्षा, व्यापार र सेवाको क्षेत्रलाई जातीयतामा सीमित पारिदिने व्याख्याले लामो समयसम्म विडम्बना झाङ्गियो । आज यदि गहिरिएर हेरौं भने स्वयम् रोजगारजति सबै सेवाको क्षेत्र हो। त्यसप्रति आज सबै लोभिएका छन्, तर त्यही सेवा गर्ने परम्परागत समुदायलाई भने आज पनि हेय ठानिरहेका छौं । चिकित्सक, वकील, कलाकार, परामर्शदाताहरूले गर्ने काम सेवा त हो नि, यो हेय भएन, तर शुद्र भनेर जसलाई हेय ठानियो तिनले के गर्छन् ? लोहार, कामी, दमाईले गर्ने काम पनि सेवा नै होइन र ? आज बुझाइको यो फरक मेट्नुपरेको छ । हामी मेट्ने क्रममा त छौं, तर मेट्ने इच्छाका साथ होइन, स्वार्थवश । द्यौसी–भैलो के हो ? हिजो समाजका ती वर्ग जसलाई हामी शुद्र भन्दथ्यौं, तिनलाई पुगिसरी नहुँदा घरघरमा गएर नाचगान गरेर सेलपुरी खाने, सिधा लिने परम्पराको नाउँ हो द्यौसी–भैलो । आज सम्भ्रान्तहरू पनि द्यौसी–भैलो माग्दै हिंड्छन्। यसमा बात लाग्ने कुरा छैन, तर जब तिनको परम्परा हामी अँगाल्छौं भने तिनलाई अँगाल्न किन सक्दैनौ, गाँठी कुरा यो हो ।**

**संस्कृति र रीतिरिवाजको प्रचार हुनु राम्रो हो । तर जसको संस्कृति र रीतिरिवाज हामी आत्मसात् गर्दछौं, तिनको सम्मान नगर्नु चाहिं धृष्टता हो । यदि हिन्दू समाजमा रहेका सबैको कला–संस्कृति र परम्परालाई तथा तिनको संरक्षण गर्दै आएका सबै जातिलाई एक थलोमा गाभेर सबैमा समानताको सन्देश दिन सक्ने र सोहीअनुरूप विनादुराग्रह परस्पर मिसिने हो भने एउटा अभेद्य पर्खाल बनाउन सकिन्छ, जसभित्र जस्तै बाहृय अतिक्रमण पनि निस्तेज हुन्छ । आज धर्म परिवर्तन चिन्ताको विषय बनेको छ, प्राय: हिन्दूहरू धर्मान्तरणतर्फ लागेका छन् । यसको मूल कारण समाजमा व्याप्त विसङ्गति नै हो। हामीले न हिजोजस्तो परम्परा कायम राख्न सक्यौं, न आज समयले मागेको सम्पूर्णताको भेउ पाउन सक्यौं ।**

# हामी सबैको साझा चाड तिहार

शिक्षा नेपाल



अनन्तकुमार लाल दास

anantlaldas@gmail.com

**तिहारले एकातिर मानिस तथा जनावरबीच अन्योन्याश्रित सम्बन्धको चित्र प्रस्तुत गर्दछ भने अर्कोतिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह तथा सम्बन्ध पनि छर्लङ्ग पार्दछ ।**

दिवाली वा दीपावली वा तिहार अर्थात् 'प्रकाशको पर्व' उत्तरी गोलार्द्धमा शरद् ऋतुको प्रारम्भमैं हरेक वर्ष मनाइने प्राचीन हिन्दू चाड हो। दीपावली संस्कृत भाषाबाट लिइएको शब्द हो जुन दुईवटा शब्द दीप र आवलीको संयोजनबाट बनेको हो। नेपालीमा दीपको अर्थ 'बत्ती' र आवलीको अर्थ 'शृङ्खला' अर्थात् बत्तीको लहर। यसलाई 'दीपोत्सव' पनि भनिन्छ। तिहार नेपालमा दशैंपछिको सबैभन्दा ठूलो चाड हो। यो चाड अँध्यारोमाथि प्रकाशको विजयलाई दर्शाउँछ । नेपालमा मनाइने यो चाड सामाजिक र धार्मिक दुवै दृष्टिले महत्त्वपूर्ण चाड हो । उपनिषद्मा लेखिएको छ, 'तमसो मा ज्योतिर्गमय' अर्थात् अँध्यारोबाट उज्यालोतर्फ जानुपर्छ। यो चाड विभिन्न ऐतिहासिक घटना, कहानी र मिथकको सम्झनामा पनि मनाउने गरिएको छ । सिख, बौद्ध र जैन धर्मका मानिस पनि यस चाडलाई बडो उल्लासका साथ मनाउने गर्दछन् ।

पुराणमा दीपकलाई सूर्यको अंशको रूपमा व्याख्या गरिएको छ। प्राणीहरूमा ऊर्जाको स्रोतको रूपमा रहेको सूर्य हिन्दू क्यालेन्डर अनुसार कार्तिक महीनामा आफ्नो स्थिति परिवर्तन गर्छ, अर्थात् मौसममा परिवर्तन हुन्छ। यससँगै अर्को मान्यता के रहेको छ भने जुन घर स्वच्छ र सफा–सुग्घर हुन्छ त्यहीं लक्ष्मीको वास र कृपा पनि हुने भएकोले यस चाडको तयारीमा मानिसहरू आआफ्नो घर र पसल सफासुग्घर पार्छन्। तिहारको बेला बाजारमा धेरै चहलपहल देखापर्छ। यस चाडमा लुगा, सुन, चाँदी, भाँडाकुँडा, मिठाई आदिको पसलमा खासै भीड देखिन्छ । यस दिन मानिसहरू लक्ष्मी–गणेशको सानो मूर्ति वा फोटो किनेर घरको मन्दिरमा सजाउँछन् । तिहारमा मानिसमा नयाँ लुगा लगाउने र एकअर्कालाई बधाई दिने चलन पनि रहेको छ। यस दिन हाम्रो घरमा सेलरोटी पनि बनाइन्छ ।

तिहार सबै धर्मका मानिस एक आपसमा मिलेर मनाउँछन् । यस दिन घरको मन्दिरमा पूजाआजा पनि गरिन्छ। तिहारको अवसरमा एकअर्काको घर जाने, मिठाई र बधाई दिने चलनले सामाजिक सद्भावमा वृद्धि हुन्छ । अहिलेको व्यस्त समयमा जहाँ कसैलाई भेट्ने, कुरा गर्ने समय हुँदैन त्यहीं यस चाडको बहानाले आपसी सम्बन्ध नवीकरण गर्ने अवसर प्राप्त हुन्छ। यसै गरी साथीभाइसँग भेटघाट, देउँसी भैलोको रमझम र मिठाईलगायत शाकाहारी परिकारको लागि तिहार विशेष महत्त्वको पर्वको रूपमा रहेको छ। यस प्रकार तिहार धार्मिक सहिष्णुताको प्रतीक बनेर, सामाजिक सद्भाव वृद्धि गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । तिहारको बेला सबैमा उमङ्ग र उत्साह देखिन्छ किनभने यो एक प्रकारले साझा चाड हो जसमा हिन्दूबाहेक अन्य धर्मका मानिस पनि सामेल हुन्छन्। तिहारमा राम्रो विचारको उत्थान र गलत विचारको पतन हुने भएकोले यसको आध्यात्मिक महत्त्व पनि रहेको छ । यस चाडमा नयाँ सामान किन्नु शुभ मानिन्छ किनभने देवी लक्ष्मीलाई धन र समृद्धिको देवीको रूपमा मानिन्छ । यस कारण तिहारमा हरेक मानिस आफ्नो क्षमता अनुसार केही न केही कुरा खरीद गर्छन् । तिहारमा विशेषगरी सुनचाँदीजस्ता महँगा सामग्री बढी बिक्री हुने हुँदा यो आर्थिकरूपले पनि महत्त्वपूर्ण रहेको छ ।

तिहार सम्बन्धमा कैयन प्रकारका किंबदन्तीहरू पनि छन्। अन्य धर्मभन्दा हिन्दू धर्ममा तिहार मान्ने प्रचलन अलिक फरक छ। प्राचीन हिन्दू धर्मग्रन्थ रामायण अनुसार १४ वर्षको वनवासपछि राम अयोध्या फर्केको खुशीयालीमा दीपावली मनाउन थालिएको हो भने महाभारतका अनुसार १२ वर्षको वनवास र एक वर्षको गुप्तवासपछि पाण्डवहरू घर फर्किएको सम्झनामा दीपावली मनाउन थालिएको हो । नेपाल र भारतमा तिहार पाँच दिनसम्म विभिन्न नामले मनाइन्छ तर नेपालमा पाँच दिन र भारतमा एक दिन मात्र बिदा दिने चलन छ । भारतमा कहीं–कहीं भाइटीकाको दिन पनि बिदा दिने चलन छ। यसरी तिहारको पहिलो दिन 'धनतेरस' हुन्छ। यस दिन मानिसहरू आआफ्नो घरका लागि गच्छे अनुसार भाँडाकुँडा, झाडू, सुनचाँदी खरीद गर्छन्। यस पछाडिको कारण के हो भने धनतेरसको दिन सामग्री किनेपछि घरको आर्थिक स्थिति बलियो हुन्छ। यस दिन कागको पूजा गर्ने चलन पनि छ। कागले अन्नबालीमा लाग्ने कीरा खाइदिन्छ र यमराजको दूत पनि भएकोले कागलाई सन्देशवाहकको रूपमा मान्यता प्राप्त भएकोले कागको पूजा गरिन्छ। तिहारको दोस्रो दिन नरक चतुर्थीको रूपमा मनाइन्छ किनभने यस दिन नै भगवान् कृष्णले नरकासुरको वध गरेका थिए । यस कारण यस दिन घरबाहिर माटोको दियो जलाइन्छ। यस दिन कुकुरको पनि पूजा गर्ने चलन छ। कागपछि कुकुर यमराजको अर्को प्रिय भक्त हो । यो आज्ञापालक हुनुका साथै रक्षक, अपराधी पत्ता लगाउने, अनुसन्धान गर्ने र प्राकृतिक प्रकोपको पूर्व सूचना दिने कार्य पनि गर्ने हुनाले यसको पूजा गरिन्छ ।

तिहारको तेस्रो दिन लक्ष्मी र गाईको पूजा गरिन्छ। हिन्दूहरू गाईलाई लक्ष्मीको रूपमा मान्छन्। सुख, समृद्धि र ऐश्वर्यको अभिवृद्धिको लागि लक्ष्मीको विशेष पूजाआजा गरिन्छ । त्यसपछि आफ्नो दराज वा भण्डार आदिमा स्वस्तिक बनाउने चलन पनि छ। यस दिन, कार्तिक कृष्ण अमावस्या पर्छ र दीपावली मनाइन्छ । वर्षका महत्त्वपूर्ण चार रातमध्ये लक्ष्मीपूजाको रातलाई सुखरात्रि भनिन्छ । नेपाली समाजमा यस दिन स्त्री जाति, विशेषगरी कुमारी चेलीबेटी घर–घर गई 'भैलो' खेलेर रमाइलो गर्छन्। यस दिन घरको आँगनमा विभिन्न प्रकारको रंगोली बनाइन्छ जसले छरछिमेकको वातावरणमा सकारात्मक ऊर्जा प्रवाह हुन्छ । यसैगरी तिहारको चौथो दिन गोवर्द्धन पूजा गरिन्छ जसलाई गोरु तिहार भनिन्छ । मान्यता अनुसार यस दिन भगवान् श्रीकृष्णाले इन्द्रको क्रोधको परिणामस्वरूप भइरहेको वर्षाबाट गोकुलवासीलाई जोगाउन गोवर्द्धन पहाड आफ्नो कान्छी औंलामा उठाएको हुनाले यस दिन, खासगरी तराईमा महिलाहरू घरबाहिर गोबरको पूजा गर्छन् भने नेपालीहरूले वर्षभरि अन्न उब्जाउन हलो तानी मानिसको पालनहार गोरुको पूजा गर्दछन् भने पुरुषहरू साँझ घरदैलो कार्यक्रम अन्तर्गत देउँसी खेलेर रमाइलो गर्छन् ।

नेपालमा तिहारको अन्तिम दिन 'भाइटीका' वा 'भरद्वितीया' वा 'भैयादूज' र कायस्थ समाजद्वारा 'चित्रगुप्त पूजा'को रूपमा यो पर्व विशेष उत्साहका साथ सम्पन्न गरिन्छ । यस दिन दिदीले भाइलाई र बहिनीले दाजुलाई अनि त्यसैगरी भाइले दिदीलाई र दाजुले बहिनीलाई विशेष मान–सम्मानका साथ विधिपूर्वक पूजाआजा गर्ने, मेवा–मिष्टान्न आदि मनपर्ने कुरा खुवाउने, दिदीबहिनीलाई दक्षिणा र वस्त्र आदि दिने परम्परा छ। परापूर्वकालमा बहिनी यमुनाले यस दिन आफ्ना दाजु यमराजलाई विशेष मानसम्मान गर्दै भाइपूजा गरेकोले भाइटीकाको धार्मिक महत्त्व छ । यमपञ्चकका पाँच दिन यमराज यमुनाको घरमा वास गर्छन् भन्ने हाम्रो धार्मिक विश्वास छ। भाइतिहारको दिन दियो, कलश र गणेशको पूजा गर्ने, यमराजको आह्वान गर्ने, बिमिरो, ओखर, तेल, मखमली फूलको माला, दूबोको टीका, कटुस आदिले पूजा गर्दा दिदीबहिनी र दाजुभाइको सुख–समृद्धि, आरोग्य र दीर्घायुको कामना अन्तर्निहित छ । तिहारले एकातिर मानिस तथा जनावरबीच अन्योन्याश्रित सम्बन्धको चित्र प्रस्तुत गर्दछ भने अर्कोतिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह तथा सम्बन्ध पनि छर्लङ्ग पार्दछ । यस दिन कायस्थ जातिका मानिस कर्मको लेखाजोखा राख्ने भगवान् चित्रगुप्त र कलम–दवातको पूजा भव्यतासाथ सम्पन्न गर्छन् ।

तिहारसँग जोडिएका धेरै रोचक तथ्यहरू प्रचलित छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ कार्तिक २७ गते औंसी–लक्ष्मी पूजाको दिन भएको थियो । नेपाल संवत्को प्रारम्भ यसै दिनदेखि भएको हो । भगवान् विष्णुले यस दिन हिरण्यकश्यपको वध गरेका थिए। यसै दिन समुद्र मन्थनपछि लक्ष्मी र धन्वन्तरि प्रकट भएका थिए। भारतको अमृतसरमा सिख धर्मको स्वर्ण मन्दिरको शिलान्यास यसै दिन सन् १५७७ मा गरिएको थियो । मुगल वंशका अन्तिम बादशाह बहादुर शाह जफर पनि दीपावली मनाउँथे । पञ्जाबमा जन्मेका स्वामी रामतीर्थको जन्म र मृत्यु दुवै दीपावलीको दिन भएको थियो । भारतीय संस्कृतिका जननायक महर्षि दयानन्दले यसै दिन अजमेर छेउ देहत्याग गरेका थिए। दीन–ए–इलाहीका प्रवर्त्तक मुगल सम्राट अकबरको शासनकालमा राजकोष भण्डार सामु ४० गज अग्लो बाँसमा एउटा आकाशदीप दीपावलीको दिन लगाइन्थ्यो ।

तर हिजोआज तिहारमा एकअर्काको देखासिकीले गर्दा आतिशबाजी गर्ने होड चलेर वायु प्रदूषणमा वृद्धि हुने गर्दछ । सरकारले आतिशबाजीमा रोक लगाए तापनि दीपावलीमा हुने वायु प्रदूषण र ध्वनि प्रदूषण कम भएको छैन। यसबाहेक अन्य अवसरमा पनि हुने आतिशबाजीले गर्दा ओजोनमा प्वाल बन्ने गरेको छ जुन सबैको लागि चिन्ताजनक हुन सक्छ। यसबाहेक अतिशबाजीले गर्दा कैयन ठाउँमा आगलागी पनि हुने गरेको छ भने नक्कली पटखाले गर्दा कैयनलाई घाउचोट लाग्ने समाचार तिहारको भोलिपल्ट सुन्न र पढ्न पाइन्छ। यसैगरी तिहारमा मिठाईको खपत बढी हुने गर्छ। बढी लाभांश हासिल गर्ने गोलचक्करमा हरेक पाइलामा उपभोक्तालाई ठग्ने, मिठाईमा मिसावट गर्ने, बासी मिठाई बेच्ने कारोबारमा पनि वृद्धि भएको देखिन्छ। यसतर्फ उपभोक्ता समिति र सम्बन्धित निकायको ध्यान जानुपर्छ, किनभने यस्ता मिठाईबाट उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने र मिसावट गर्ने कारोबारीहरूको हौसला वृद्धि हुने गर्दछ । दीपावलीसँग जोडिएको एउटा अर्को सदीयौंदेखि चलि आएको जुवाताश खेल्ने परम्परा हो । अर्थलाई बढी महत्त्व दिनेहरूले तिहारमा एउटा नराम्रो प्रवृत्तिलाई स्वीकृति दिएको जस्तो लाग्दछ । यस सन्दर्भमा एउटा लोकप्रिय लोकोक्ति के छ भने जो यस दिन जुवाताश खेल्दैन त्यो अर्को जन्ममा गदहाको रूपमा जन्मिन्छ। यस प्रकारको धारणाले दीपावलीमा क्यासिनो र स्थानीय जुवा खेलाउने घरलाई बढावा दिएर समाजमा विकृति फैलाउने कारण बनिरहेको छ जसमा रोक लगाउनु नितान्त आवश्यक छ ।

प्रकाशको यो चाड नेपालमा मात्र हैन, विदेशमा जहाँ–जहाँ नेपाली बसोवास गरेका छन् त्यहाँ धुमधाम र भव्यताका साथ मनाइन्छ। यद्यपि विभिन्न ठाउँमा मनाइने विधिमा केही अन्तर पनि देखिएको छ । बिहान उठेपछि घरको सबै काम पुरा गरेर मानिसहरू साँझ पख आफ्नो घरको अगाडि एक लाइनमा माटोको दियो बाल्छन् र धनकी देवी लक्ष्मीको पूजा गर्छन् । तर हिजोआज माटोको दियो बाल्ने परम्पराको साटो इलेक्ट्रिक बल्ब बाल्ने चलन बढ्दै गएकोले वातावरणमा डेंगुजस्ता लामखुट्टेहरूको प्रकोप बढिरहेको छ। यसतर्फ हामीसबैले गम्भीरतापूर्वक सोच्नुपर्ने भएको छ। यस पटकको तिहारमा हामीले प्रकृतिलाई पटखा नचलाउने उपहार दिने सङ्कल्प गर्नुपर्छ। स्थानीय सीप र उद्योगको प्रवर्द्धन गरी सानो व्यापारीलाई आर्थिकरूपले सुदृढ गर्ने प्रयास गर्नुपर्छ र सँगसँगै विद्यालयलगायत एकअर्कालाई तिहार कसरी मनाउने र प्रकृतिलाई कसरी जोगाउनेबारे जागरूक बनाउनुपर्छ । अन्त्यमा हिन्दी कविताको केही पङ्क्तिका साथ "जगमग करते आइ दीवाली/रात हुई मतवाली/शाम हुई हल्की शीतल सी/शमां ने की रखवाली" तिहारको हार्दिक मङ्गलमय शुभकामना !

# सुरक्षित यात्राको लागि अमलेखगंजमा ट्राफिक सचेतना



प्रस, वीरगंज, ६ कात्तिक/

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, पथलैया, बाराले शनिवार सुरक्षित यात्राको लागि चालकहरूको स्वास्थ्य, सवारीसाधनको परीक्षण तथा सचेतना कार्यक्रम सम्पन्न गरेको छ।

जीतपुरसिमरा उमनपा–२१ अमलेखगंजस्थित नेपाल आयल निगमअगाडि गरेको सचेतना कार्यक्रममा ५८० वटा यात्रुवाहक बस, माइक्रो र सुमोको यान्त्रिक परीक्षण गरिएको र तीनवटा सवारीसाधनलाई ग्यारेज पठाएर मरम्मत गर्न लगाएको ट्राफिक कार्यालयले जनाएको छ।

सवारीसाधनमा अनावश्यक एलइडी बत्ती जडान गरिएका ४७ वटा सवारीसाधनबाट बत्ती हटाइएको, ५५९ जना सवारी चालकको स्वास्थ्य परीक्षण, मापसे चेकजाँच गरिएकामा ३४ जनामा उच्च रक्तचाप देखिएको र तीनजनामा उच्च रक्तचापसहित मधुमेह देखिएकाले उनीहरूको सट्टा अर्को सवारी चालकबाट

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# आर्थिक नगरी वीरगंज झकिझकाउ : बजारमा किनमेल गर्नेको घुइँचो

राधेश्याम पटेल, वीरगंज, ६ कात्तिक/
आर्थिक नगरी वीरगंजलाई यतिबेला




झकिझकाउ गर्ने काम भइरहेको छ । आदर्शनगर ग्रीनसिटी वीरगंजको



संयोजनमा वीरगंजको मुटु मानिने आदर्शनगर क्षेत्रलाई झिलिमिली पारिएको छ । करीब पाँच सय मिटर लम्बाइको सडकलाई निकै आकर्षण किसिमले सजाएर दीपावलीको रातमा मेला आयोजना गर्ने कार्यक्रम रहेको ग्रीनसिटीका अध्यक्ष जयप्रकाश खेतानले बताए । करीब रु साढे तीन लाखको खर्चमा सो क्षेत्रलाई झिलीमिली पारिएको र मेलामा स्ट्रीट फूड स्टल, सांस्कृतिक कार्यक्रमको लागि स्टेज, सेल्फी स्टेनलगायतको तयारी पूरा गरिएको छ। पहिले वीरगंजबाट दीपावलीको दिन सौराहा, पोखरा, काठमाडौं जाने प्रचलनलाई भङ्ग गर्न करीब चार वर्षदेखि मेला लगाउने काम भइरहेको छ ।



व्यवस्थित वीरगंजका संयोजक दिलीपराज कार्कीले यस्तो कार्यक्रमले वीरगंजका अन्य वडाले पाठ सिकेर आआफ्नो वडामा चाडपर्वको अवसरमा सांस्कृतिक कार्यक्रम गर्ने तथा मेला



लगाउनेतर्फ सोच्नुपर्ने बताए । वीरगंज युवा समाजका अध्यक्ष कमल चौगाईंले वीरगंजको मेलामा मधेसका स्थानीय परिकार र संस्कृति झल्काउने फोटोको प्रदर्शनीको व्यवस्था गरे मेलाको आकर्षण अझै बढ्ने बताए । केही वर्षदेखि दीपावलीको दिन मकवानपुर, बारा, रौतहट तथा भारतका सीमावर्ती शहरबाट मेला हेर्न पर्यटकहरू आउन थालेकामा यो वीरगंजको लागि शुभ सङ्केत भएको रजनीश सर्राफले बताए ।

**किनमेल गर्नेको भीडभाड बढ्यो**

तिहार अर्थात् दीपावली हिजोदेखि शुरू भएसँगै मधेसका बजारमा लक्ष्मीपूजाको लागि किनमेल गर्नेहरूको चहलपहल बढेको छ। मधेसमा दीपावली र छठ पर्व निकै धूमधामका साथ मनाउने गरिन्छ। यसै क्रममा वीरगंजको बजारमा दीपावली र छठ पर्वका लागि चाहिने सरसामान किनमेल गर्नेहरूको चहलपहल बढेको हो। वीरगंजको बजारमा अहिले झिलीमिली बत्ती, माटोको दियो र कलश, लक्ष्मी देवीको मूर्ति र तस्वीर, फूलमाला, पूजन सामग्रीलगायतका पसलहरूमा भीडभाड बढेको देखिन्छ । हिजो धनतेरसको दिन सुनचाँदीका गरगहना, धातुका भाँडाबर्तन किन्दा शुभ हुने मान्यता रहिआएकोले सुनचाँदी र भाँडाका पसलहरूमा ग्राहकहरूको भीडभाड बढेको थियो। दीपावलीमा मिठाइ र फलफूलको बिक्री बढेको पसलेहरूले बताएका छन्।

## ५० लाखको तेल चोरी/बिक्री गरेको आरोपमा चारजना पक्राउ

प्रस, वीरगंज, ६ कात्तिक/
जिल्ला प्रहरी कार्यालय, बाराले ५०




लाख मूल्य बराबरको खानेतेल चोरी र बिक्री वितरणमा संलग्न चारजनालाई पक्राउ गरेको जनाएको छ ।

असोज २८ गते परवानीपुर गाउँपालिका–५ स्थित मनोकामना आयल फूड प्रोसेसिङ प्रालिबाट प्रशोधित खानेतेल एक लिटरको १४ हजार ५६० किलोग्राम र आधा लिटरको पाउच पाँच हजार ९१५ किलोग्राम तेल प्रदेश २–०३–००१ ख ४८१२ नम्बरको भाडाको ट्रकमा लोड गरी अञ्जनी कैरियर वीरगंजमार्फत सिन्धुली जिल्लास्थित रोबिन सप्लायर्स प्रा.लि., कमलामाईमा लग्नुपर्नेमा चालक नुवाकोट शिवपुरी गाउँपालिका वडा नं १ बस्ने सुकमान तामाङले सो ठाउँमा नलगेर बेपत्ता बनाएका थिए ।

प्रहरीले खोजतलाशको क्रममा कात्तिक ४ गते चालक तामाङलाई पक्राउ गरेको थियो भने कात्तिक ५ गते सिम्रौनगढ नगरपालिका वडा नं ६ स्थित सिम्रौनगढ बजारमा उक्त ट्रक बेवारिसे अवस्थामा फेला परेको जनाएको छ ।

रौतहट, गौर नगरपालिका वडा नं १ स्थित रमेश कुमारले भण्डारण गरी राखेको अवस्थामा चोरीको तेलमध्ये ३१७ कार्टुन तेल र १५९ वटा खाली कार्टुन बरामद भएको बारा प्रहरीले जनाएको छ । प्रहरीले यस कार्यमा संलग्न रहेको आरोपमा रमेश कुमार, शेख कलाम र बैधनाथ साह तेलीलाई पक्राउ गरेको जिप्रका, बाराले जनाएको छ ।

## लामिछानेलाई थप दुई दिन हिरासतमा राख्न अनुमति

काठमाडौं, ६ कात्तिक/रासस

जिल्ला अदालत काठमाडौंले राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेलाई थप दुई दिन हिरासतमा राख्न अनुमति दिएको छ । अदालतले यही कात्तिक ६ गतेदेखि लागू हुने गरी म्याद थप गरेको हो । अदालतले लामिछानेलाई हिरासतमा राख्नका अनुमति दिएको यो चौथोपटक हो ।

प्रहरीले लामिछानेविरुद्धको अनुसन्धान सकेर शुक्रवार जिल्ला सरकारी वकील कार्यालयमा प्रतिवेदन पेश गरेको छ । तिहार पर्वको बिदा परेका कारण अदालतमा मुद्दा दर्ता भने भएको छैन । लामिछानेलाई नाबालिकामाथि जबरजस्ती करणी गरेको आरोपमा जाहेरी परेपछि न्यायिक हिरासतमा राखिएको छ ।

## मोटरसाइकल चोरीमा संलग्न तीनजना पक्राउ

प्रस, वीरगंज, ६ कात्तिक/
मोटरसाइकल चोरी गरेको आरोपमा




जिल्ला प्रहरी कार्यालय, बाराले तीनजनालाई पक्राउ गरेको छ ।

कलैया उपमहानगरपालिका वडा नं ८ बस्ने वर्ष २२ को सोहेल अन्सारीलाई कात्तिक २ गते मोटरसाइकल चोरीको आरोपमा प्रहरीले पक्राउ गरेको हो । उनले कलैया बरगाछीबाट प्रदेश २–०३–०१३ प ४९५६ नम्बरको पल्सर मोटरसाइकल चोरी गरेका थिए । सो मोटरसाइकलका पार्ट्सहरू आफ्नै घरमा खोलेर अर्को मोटरसाइकलमा फिट गर्न राखेको अवस्थामा प्रहरीले अन्सारीलाई पक्राउ गरेको जिप्रका, बाराले जनाएको छ ।

यसैगरी, छुट्टाछुट्टै मिति र स्थानमा थप पाँच थान चोरीका मोटरसाइकलसहित दुईजनालाई पक्राउ गरिएको बारा प्रहरीले जनाएको छ ।

प्रहरीले कलैया उपमहानगरपालिका वडा नं ३ बैजनाथपुर टोल बस्ने वर्ष २० को राकेशप्रसाद यादव, बारागढी गाउँपालिका वडा नं ४ बस्ने वर्ष २४ को रामकिशोर हजरालाई पक्राउ गरेको जनाएको छ। उनीहरूको साथबाट प्र.२–०३–००९ प ६८९४, ना.३५प १३७२ र एउटा भारतीय नम्बरको मोटरसाइकल बरामद भएको जिप्रका, बाराले जनाएको छ ।

## पाँच लाखको पटाका बरामद गरी नष्ट




प्रस, वीरगंज, ६ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, बाराले विभिन्न मिति र समयमा बरामद गरेको पटाका आइतवार नष्ट गरेको छ ।

भारतबाट नेपाल भित्रिएको पाँच लाख मूल्य बराबरको पटाका बरामद गरिएको जिप्रका, बाराले जनाएको छ ।

## हुक्कालोली लोप हुन थाले

जलेश्वर, ६ कात्तिक/रासस

आफ्ना मृत पितृलाई आगोको मुस्लोले स्वर्ग जाने बाटो देखाउने परम्पराको रूपमा दीपावलीका दिन तराई–मधेसमा मनाइने हुक्कालोली पर्व लोप हुन थालेको छ । सम्पूर्ण मिथिलाञ्चलको पौराणिक तथा सांस्कृतिक पहिचान भएको हुक्कालोली आधुनिकतासँगै लोप हुन थालेको हो ।

महोत्तरीलगायत मिथिलाञ्चलभरि पितृकार्यका निमित्त गरिने धार्मिक मान्यतालाई अहिलेका पुस्ताले मनोरञ्जनका रूपमा लिन थालेकाले हुक्कालोली नचाउने कार्य लोप हुन थालेको बताइएको छ । महोत्तरीको शहरी र ग्रामीण क्षेत्रमा बालकदेखि वृद्धसम्म पहिला हुक्कालोली नचाउने गरिन्थ्यो तर आधुनिक युगमा प्रवेश गरिसकेपछि यसलाई मनोरञ्जनको रूपमा शहरी र ग्रामीण क्षेत्रका गाउँमा फाटफुटरूपमा युवा हुक्कालोली नचाउने गरिन्थ्यो । साथै ठूलठूला आवाजका पटाका र झिलिमिली बत्तीले पनि यो परम्परलाई विस्थापन गर्दै लगेको छ ।

स्कन्दपुराणमा उल्लेख भए अनुसार मिथिलाञ्चलमा पितृलाई बाटो देखाउन र पितृको आत्माको शान्तिका निम्ति लक्ष्मी पूजाको राति हुक्कालोली नचाउने गरिन्थ्यो तर यसलाई अब व्यावसायिक रूप दिएर फलामको तारमा पुरानो झुत्रोको कपडा बाँधेर एउटा डल्लो बनाउने र त्यसमा मटीतेलले भिजाइ आगो सल्काएर नचाइ मनोरञ्जन लिने गरिन्छ । यसका अलावा झिलिमिली बत्ती र पटाकाले पनि यस परम्परालाई असर पुऱ्याएको छ ।

विगतमा हुक्कालोली नचाउने कार्यमा बालकदेखि वृद्धसम्म सहभागी हुने गर्दथे तर अहिलेका पुस्ताले यसलाई छाडेर बम, पटाका र झिलिमिली बत्तीमा पल्केपछि यो परम्परा हराएको हो। मिथिलाञ्चलमा पितृको सम्मान र परम्पराको रूपमा मनाइने हुक्कालोली नचाउने कार्य लोप हुन थालेपछि सांस्कृतिविद्हरूले यसलाई संरक्षण गर्नुपर्नेमा जोड दिँदै आएका छन् ।

## धनतेरसमा रेडियो श्रोतालाई उपहार

प्रस, पोखरिया, ६ कात्तिक/
पोखरिया नगरपालिकाबाट प्रसारण



हुने आकाश एफएमले यस वर्ष पनि धनतेरस कार्यक्रम मनाएको छ ।

धनतेरसको अवसरमा रेडियो कार्यक्रममा सहभागीहरूलाई चाँदीको सिक्का, मोबाइल फोन, मोबाइल स्टेन्ड, सर्फ, खानेतेल, एफएम रेडियो, बाल्टिन उपहार दिइएको एफएमका स्टेशन मैनेजर धर्मेन्द्र चौरसियाले बताए ।

नेपाल निर्माण व्यवसायी सङ्घ, पर्साका पूर्वअध्यक्ष रामाकान्त चौरसियाले कार्यक्रमको उद्घाटन गरेका थिए । धनतेरस कार्यक्रममा पोखरियाका पूर्वनगरप्रमुख दीपनारायण रौनियार, संविधानसभा सदस्य रामेश्वर रौनियार, वडाध्यक्ष रामप्रवेश चौहान, वाइसिएल पर्साका इन्चार्ज सन्तोष पटेल, जोगिन्दर रौनियारलगायतको सहभागिता थियो ।

आइतवार आयोजित धनतेरस कार्यक्रममा १३० जनाले फोन गरेको र उनीहरूमध्ये पाँचजनालाई चाँदीको सिक्का, सातजनालाई मोबाइल फोन र अन्यलाई एफएम रेडियो, मोबाइल स्टेन्ड, सर्फ र खानेतेल, बाल्टिन उपहार दिइएको स्टेशन मैनेजर चौरसियाले बताए । उनले आकाश एफएमले योसमेत तीन वर्षदेखि धनतेरस कार्यक्रम आयोजना गर्दै आएको जानकारी गराए ।

## वीरगंज नाकाबाट पोल्यान्डका नागरिक पक्राउ

प्रस, परवानीपुर, ६ कात्तिक/

विनाभिसा भारतबाट गुपचुपरूपमा नेपाल प्रवेश गरी १४ दिन बिताएर पुनः भारत फर्किरहेको अवस्थामा एकजना तेस्रो मुलुकका नागरिकलाई वीरगंजमा नियन्त्रणमा लिइएको छ ।

पक्राउ पर्नेमा पोल्यान्डका नागरिक मिचल जेर्जी फिगुर्क्सी रहेका छन् । उनलाई वीरगंजबाट रक्सौल नाका हुँदै भारत जाँदै गरेको अवस्थामा शङ्कराचार्य गेटबाट पक्राउ गरिएको अध्यागमन कार्यालय, वीरगंजले जनाएको छ । चेकजाँचका क्रममा पासपोर्ट नम्बर इ ५५३५०६२५ भएका फिगुर्क्सी ८ अक्टुबरका दिन भारतबाट आउट स्टच्याम्प लगाइ विनाभिसा नेपाल प्रवेश गरेको पाइएको थियो ।



मिचल जेर्जी फिगुर्क्सी

विगत १४ दिनदेखि नेपालका विभिन्न स्थानमा भ्रमण गरेर उनी वीरगंज नाका हुँदै भारत जाने क्रममा पक्राउ परेका थिए ।

प्रहरीले उनी सवार मोटरसाइकल एचपी ३४ डी २३१५ पनि जफत गरेको छ । उनलाई थप अनुसन्धान तथा आवश्यक कारबाईका लागि अध्यागमन विभाग, काठमाडौं पठाइएको अध्यागमन कार्यालय, वीरगंजका प्रमुख राज कुशवाहाले बताए ।

### तिहारलाई सम्झाउँछन्....

नेपाल युटचुब च्यानलमा सार्वजनिक भएको यो गीतले १० दिनमैं करोड 'भ्युज' पाइसकेको छ। मुख्यगरी पशुपति शर्माले मुख्य भूमिका निर्वाह गरेको यो गीतले पनि तिहारमा रमाइलो दिन थालेको छ।

यी गीतहरूका अलावा तिहार भन्ने बित्तिकै अन्याय चलचित्रको अधरमा आज उनकै छ गीत, आशा भोसलेको दियो बाली साँझको, विजय पराजय चलचित्रको निधारमा लर्काएर सप्तरङ्गी टीका, राजु लामाको स्वरमा रहेको भाइटीकामा भेट्न आउँला बोलको गीतले पनि देशविदेशमा रहेका नेपालीको मन बिझाउँछ र बेस्सरी तिहार सम्झाउँछ । त्यस्तै, टङ्क बुढाथोकीको भन भन भाइ हो, धर्मेन्द्र सेवानको देउसिरे, एक्स ब्यान्डको देउसी भैलोलगायतका थुप्रै गीतलाई तिहारमा बज्ने गीतहरूका रूपमा लिन सकिन्छ ।

# यमपञ्चक (तिहार)को महत्त्व

मन्तव्य



चिरञ्जीवी सापकोटा

**कार्तिक कृष्ण औंसीका दिन महालक्ष्मी भगवतीको उपासना हुने गर्दछ। प्रतिपदा तिथि लागेको अवस्थामा गाईको पूजा पनि हुने गर्दछ। गाईलाई पनि लक्ष्मीकै प्रतीक मानिन्छ। महालक्ष्मी धनधान्यकी देवी एश्वर्यकी प्रतीक हुन्।**

कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्मको पाँच दिनलाई यमपञ्चक भनिन्छ। पाँच दिनसम्म यम सम्बद्ध विषयवस्तुको पूजा आराधना गरिने भएकाले यस समयलाई यमपञ्चक भनिएको हो। यो समयमा यमराज पनि आफ्नी बहिनी यमुनाकहाँ टीका लगाउन जाने हुँदा मृत्युको भय हुँदैन भन्ने धार्मिक एवं लौकिक मान्यता रहिआएको छ।

यिनै यमपञ्चकका समयलाई तिहार पनि भन्ने गरिन्छ। तिहारको अर्थ पनि चाड अथवा उत्सव भन्ने हुन्छ। मृत्युका देवता यमराजले आफ्नी बहिनी यमुनासँग धेरै समय भेट गर्न पाएका हुँदैनन्। यमुनालाई पनि आफ्नो दाजुसँग भेट्ने धेरै इच्छा हुन्छ। यमुनाले अनेकौं माध्यममार्फत दाजु यमराजलाई बोलाउन पठाउँछिन्। काग, कुकुर, गाई आदिलाई दाजुलाई निम्तो दिन पठाए पनि दाजु यमराजको आगमन नभएपछि बहिनी यमुना स्वयम् आफैं भेट्न जान्छिन् र भाइटीकाको अवसरमा दाजु यमराजलाई टीका लगाइदिन्छिन्। तोरीको तेलमा दुबोको झुप्पो चोबेर दाजुको वरिपरि तेल र पानी मिश्रित धाराले मसिनो रेखा कोरी मखमली फूलको मालासहित भाइटीका लगाइदिएको कथा प्रसङ्ग पुराणमा वर्णन पाइन्छ। यही धार्मिक मान्यताका आधारमा काग, कुकुर, गाई, गोवर्धन पर्वतका साथसाथै भाइको पूजा गरी भाइटीका लगाउने शास्त्रीय चलन रहिआएको छ।

**यमराज को हुन् ?**

सूर्य र विश्वकर्माकी पुत्री संज्ञाका गर्भबाट जन्मिएका यमराज दक्षिण दिशाका दिक्पाल हुन्। यिनको मुख्य काम नर्कका पापीहरूलाई यातना दिएर नर्कबाट मुक्त गराउनु हो। यमराजकी पत्नीको नाम हेममाला अर्थात् धुवर्णा र बहिनीको नाम यमुना हो। यमराजको लोकलाई यमलोक भनिन्छ भने यमराजले हातमा कालदण्ड धारण गरेका हुन्छन्। यमराज र शनिश्चर दाजुभाइ हुन्।

**काग तिहारको महत्त्व**

कार्तिक कृष्ण त्रयोदशीका दिन कागको पूजा गरिन्छ। काग अत्यन्तै चलाख पक्षी हो। सर्वभक्षी प्राणीका रूपमा पनि कागलाई लिने गरिन्छ। कागको पूजा गर्नाका विभिन्न कारणहरू रहेका छन्। कागले सबैलाई समान दृष्टिले हेर्दछ भने यसले अन्नबालीमा लाग्ने कीरा फट्याङ्ग्रा पनि खाइदिन्छ र अन्नबालीलाई जोगाउँछ। कागलाई यमराजको सन्देश सुनाउने दूतका रूपमा



पनि लिइन्छ। काग यमराजका प्रियपात्र भएकाले सन्देशवाहकका रूपमा कागको पूजा गरिन्छ। कागपूजाकै दिनमा समुद्रमन्थनका बेला उत्पत्ति भएका धन्वन्तरिको पूजा पनि गरिन्छ। यस दिनलाई धनतेरसको रूपमा पनि मनाउने चलन छ। यस दिन सङ्ग्रह गरिएका सुनचाँदी आदि धातुका वस्तुहरू कल्याणदायी मानिन्छन्। त्यसैले यस दिन धन जोड्ने चलन रहेको छ।

**कुकुरपूजा**

कार्तिक कृष्ण चतुर्दशीको दिनलाई कुकुर तिहार भनिन्छ। यस दिनलाई नर्क चतुर्दशीको रूपमा पनि सम्बोधन गर्ने गरिन्छ। यस अवसरमा कुकुरको पूजा गर्नाले नर्कजन्य यातनाको भोग गर्नुपर्दैन भन्ने मान्यता रहेको छ। कुकुरलाई आदेशपालक रक्षक मात्र मानिंदैन। कुकुर विभिन्न अपराध अनुसन्धान कार्यमा पनि प्रयोग हुने गर्दछ। त्यसैगरी, प्राकृतिक प्रकोप पर्नुअघि कुकुरले पूर्वसूचना दिने पनि गर्दछ। कुकुरलाई भैरवको वाहनका रूपमा पनि पूजा गर्ने गरिन्छ।

**लक्ष्मीपूजा**

कार्तिक कृष्ण औंसीका दिन महालक्ष्मी भगवतीको उपासना हुने गर्दछ। प्रतिपदा तिथि लागेको अवस्थामा गाईको पूजा पनि हुने गर्दछ। गाईलाई पनि लक्ष्मीकै प्रतीक मानिन्छ। महालक्ष्मी धनधान्यकी देवी एश्वर्यकी प्रतीक हुन्। कार्तिक कृष्ण औंसी अन्धकारमय रात रहने र उक्त अवसरमा महालक्ष्मी यस पृथ्वी लोकमा परिभ्रमण गर्ने र जसको घर दीपमालिकाले झलमल्ल छ, जसको घर पवित्र छ, उसैको घरमा महालक्ष्मीको पदार्पण हुने र बास गर्ने मान्यताका आधारमा पनि यस दिन दीपावली गरेर महालक्ष्मीको पूजा आराधना हुने गर्दछ। महालक्ष्मीको पूजा गरी घरका दराज, भण्डार आदिमा स्वस्तिक चिह्न अङ्कित गरी शुभलाभ लेख्ने चलन पनि हाम्रो समाजमा रहेको छ। सम्पूर्ण देवताको अङ्गबाट प्रादुर्भाव भएकी कमलको आसनमा विराजमान देवीलाई महालक्ष्मी भनेर भनिन्छ। जसलाई त्रिगुणमयी देवीका नामले पनि पुकारिन्छ। महालक्ष्मी भगवतीका आठ स्वरूप छन्। आद्यलक्ष्मी, धनलक्ष्मी, धान्यलक्ष्मी, गजलक्ष्मी, सन्तानलक्ष्मी, वीणालक्ष्मी, जयालक्ष्मी र विद्यालक्ष्मी गरी आठ स्वरूप छन्। यस अवसरमा आठै स्वरूपको पूजा गर्ने गरिन्छ। यस अवसरमा महालक्ष्मीको पूजा गर्नाले सुख, शान्ति, एश्वर्य प्राप्ति हुन्छ भन्ने धार्मिक मान्यता रहिआएको छ। यही मान्यताका आधारमा लक्ष्मीपूजाकै दिनमा भव्यरूपमा दीपमालिका गरी दीपावली मनाउने प्रचलन छ। यसै दिन चेलीबेटीहरूले भैलो खेल्ने प्रचलन पनि रहेको छ।

**गोवर्धनपूजा**

कार्तिक शुक्ल प्रतिपदाको दिन गाईको विशेष पूजा गर्ने परम्परा छ। यसै दिन गोवर्धन पर्वतको पूजा पनि गर्ने गरिन्छ। भगवान् श्रीकृष्णसहित गोकुलवासीले गोवर्धन पर्वतको पूजा गरेको कथा प्रसङ्गकै मान्यताअनुरूप यसै दिन गाईको गोबरको पर्वत निर्माण गरी विशेष पूजा गर्ने गरिन्छ। गोवर्धन पर्वतमा भगवान् श्रीकृष्णको बास रहेको मान्यता पनि छ। यसै अवसरमा देउसी खेल्ने र रमाइलो गर्ने प्रचलन पनि रहिआएको छ।

**भाइटीका**

कार्तिक शुक्ल द्वितीयाका दिनलाई भाइटीका भनिन्छ। परापूर्वकालमा बहिनी यमुनाले यसै दिन दाजु यमराजलाई विशेष मानसम्मान गर्दै भाइटीका लगाइदिएको धार्मिक मान्यता रहेको छ। यमपञ्चकका पाँच दिन यमराज आफ्नी बहिनी यमुनाको घरमा बास बस्छन् र पृथ्वीवासीलाई कालको भय, त्रास हुँदैन भन्ने धार्मिक मान्यता छ। भाइटीकाका दिन दियो, कलश, गणेशको पूजा गरी अष्ट चिरञ्जीवीको पनि विशेषरूपमा पूजा आराधना गरिन्छ। बिमिरो, ओखर आदिको पूजा गरेर ओखर फोडेर आफ्ना दिदीबहिनीले आफ्ना दाजुभाइलाई टीका लगाइ मखमली फूलको माला लगाइदिएर आशीर्वाद प्रदान गर्ने शास्त्रीय परम्परा छ। ओखर यमराजको प्रतीक हो, जसलाई ढोका बाहिर फोडिन्छ। बिमिरो यमुनाको प्रतीकको हो, जसलाई पूजा गरी पवित्र स्थानमा राखिन्छ। कहिल्यै नसुक्ने तेल, मखमलीमाला र दुबो दीर्घजीवनका प्रतीक हुन्, जसबाट दीर्घजीवनको कामना गर्ने गरिन्छ। यसरी पाँच दिनसम्म भव्यरूपमा मनाइने पर्व नै यमपञ्चक हो।

# तिहारलाई सम्झाउँछन् देउसी, भैलो गीतले

कटारी, ६ कात्तिक/रासस

नेपालीको घरआँगनमैं तिहार आइसक्यो। तिहार भन्नेबित्तिकै देउसी, भैलोलाई बिर्सिने कुरा नै भएन। त्यसमा पनि नेपाली गीतसङ्गीतलाई देउसी, भैलो गीतले वर्षौंदेखि अजर, अमर बनाउँदै आएको छ। तर पछिल्ला केही वर्षयता बिस्तारै मादल, बाँसुरी, झ्याली बजाएर खेलिने देउसी लोप हुँदै गएको छ। प्रविधिको विकाससँगै डिजेमा देउसी गीत बजाएर देउसी, भैलो खेल्ने चलन बढेको छ। यसरी देउसी, भैलोसँगै बज्ने यी गीतहरूले जहिले तिहारमा रौनक थप्ने गरेको छ।

**तिहारै आयो लौ झिलीमिली ...**

नेपाली पुरानो चलचित्र स्वर्गमा रहेको यो गीतको पहिलो धुन बजेपछि बल्ल तिहारको रौनक बढ्छ। यो गीतको धुनसँगै हरियो गोबरले लिपेको, लक्ष्मी पूजा गरेकोसम्म आइपुग्दा माहोल उल्लासमय हुन्छ र हरेक नेपालीले तिहार आएको अनुभूति गर्छन्। यो गीत तिहारका लागि त मुख्य गीत नै हो। त्यसैले यस गीतलाई तिहार, देउसी भैलोमा बज्ने गीतमा सम्झिनै पर्छ।

लोचन भट्टराई र नूतन प्रधानले गाएको यस गीतमा सङ्गीत यादव खरेलको छ। विशेषगरी भैली गीत रहेकाले यसमा चेलीहरूको भैली गीतको सुगन्ध पाइन्छ। यस गीतलाई नेपाली चलचित्रको गीतहरूमा चाडबाड समेटिएको उत्कृष्ट गीतमा पनि लिन सकिन्छ। हरेक देउसी, भैलो खेल्ने समूहले यो गीतलाई प्राथमिकतामा बजाउँदै नृत्य गर्ने गरेका छन्।

**सिमल बारुलै ...**

नवीन खड्का, पुस्तका खड्का र साथीहरूको स्वरमा सजिएको देउसी गीत सिमल बारुलै सम्भवतः एक दशकदेखि नेपालका गाउँशहर जतातत्तै बढी घन्किने देउसी गीत हो। यो गीत घन्किन थालेपछि धेरै देउसी समूहले यसै गीत बजाएर देउसी खेल्ने गरेका छन्। करीब १८ मिनेटको यो गीतमा देउसी खेल्न आउनेहरूले घर प्रवेश गरेदेखि बिदा हुनुपूर्वका सबै भाका र शब्दहरूलाई सयपत्रीको माला उनेजस्तै गरी उनिएको छ। एकान्त रातमा देउसी, भैलोको आवाजसँगै कुकुर भुकेपछि घरमा हुने बूढाबूढीको संवादबाट शुरू हुने देउसी रोचक छ। भट्याउने देउसी भन्नेसँगै बीचबीचमा आएका पूर्वेली भाकाले छुनसम्म मन छुन्छ। यस कारण पनि यो गीत देउसीको सदाबहार गीत भन्दा फरक पर्दैन।

**ढक र मक फूलैमा र फुल्यौ सिमल बारुलै फूलबारी हजुर बगानमा**

**नाचनी र आयौं खेलनी र आयौं सिमल बारुलै लक्ष्मी हजुर आँगनमा**

**ए आ है ... हहाहहाहहाहहा ...**

देउसी नृत्यका रूपमा दर्शकमाझ ल्याइएको यो गीतको सङ्कलन लक्ष्मी पराजुलीले गरेकी हुन्। नेपाली लोक सांस्कृतिक केन्द्रले ल्याएको गो गीत हाम्रो भाका हाम्रो संस्कृत एल्बमको भाग २ मा समावेश छ। यस गीतमा सांस्कृतिक केन्द्रलाई मरुवा माझगाउँ सङ्खुवासभाका स्थानीयवासीले देउसी खेल्न सघाएका छन्। यस अर्थमा यो पूर्वेली माटोको सुगन्धले भरिएको भाका हो। तर बिस्तारै यो भाकाले देशभरका गाउँगाउँसम्म घन्किने र मन छुने गरेको छ। देउसीको सुरुआतदेखि आशिष दिने र बिदा हुनेसम्मका सबै विषयलाई लय मिलाएर भाका बनाइएकाले पनि यो गीत देउसी खेल्नका लागि पूर्ण गीत हो।

फूलको थुङ्गा टपक्कै टिपी ...

**फूलको थुङ्गा टपक्कै टिपी देउराली चढाउँदै**

**देउसीमा आयौं भैलेनी आयौं तिहार मनाउँदै**

अरुण उपत्यकाको यो गीतमा पनि नवीन खड्का, पुस्तका खड्का र साथीहरूको स्वर सुन्न सकिन्छ। पूर्वेली लोकसंस्कृति संरक्षणमा अब्बल अरुण उपत्यकाको लोकसुसेलीहरूको संरक्षणमा लामो समयदेखि क्रियाशील खड्काको स्वरमा सजिएको यो गीत पनि नेपाली माटोको सुगन्ध बोकेको देउसी गीत हो। यस गीतको अध्ययन सङ्कलन नवीन खड्काले गरेका हुन्।

सङ्गीतमा खड्कालाई यस गीतमा शिलाबहादुर मोक्तानले पनि सघाएका छन्। आधा दशकअघिदेखि श्रोता, दर्शकमाझ आएको यो गीत पनि पूर्वेली माटोको गीत हो। १३ मिनेट बढीको यो गीत पनि देउसीको लागि तयार गरिएको पूर्ण गीत हो। देउसी शुरू, मध्य र आशिष दिंदै देउसी घरबाट बिदा हुने प्रक्रियालाई समेटिएको यो गीत पनि देउसीका लागि महत्त्वपूर्ण गीत हो।

**यसपालिको तिहारै रमाइलो ...**

पछिल्लो समय देउसीसँगै नृत्य गर्ने परम्परा बढ्दो छ। नृत्यविनाको देउसी समूहको आकर्षण नै घट्न थालेको छ। यस अर्थमा सामूहिकरूपमा आयोजना हुने देउसी कार्यक्रमहरूमा नृत्य राखिएकै हुन्छ। यस्ता नृत्यमा छुट्दै नछुटेको गीतमा यो गीतलाई पनि लिन सकिन्छ।

कोहिनुर चलचित्रको यो गीत चलचित्रसँगै धेरैले मन पराएको गीत हो। प्रमोद खरेल र अञ्जु पन्तको स्वरमा रहेको यो गीत शम्भूजित बाँस्कोटाले सङ्गीत भरेका छन्। नेपाली देउसीको समयलाई दृश्यमा देखाइएकाले र समसामयिक तिहारसँग जोडिएको यो गीत पनि देउसीमा बज्ने उत्कृष्ट गीतमा पर्दछ।

**देउसी, भैलो गीत देउसिरे भन साथी हो ...**

नेपाली गीत सङ्गीतमा चाडबाडलाई लक्षित गरी नयाँ सिर्जना ल्याउने चलन कायम नै छ। नयाँदेखि चलेका पुराना सर्जकहरू यस्ता सिर्जना बनाउन लोभिन्छन्। यसै क्रममा यस वर्षका लागि भर्खरै मात्रै पशुपति शर्मा, शान्तिश्री परियार, सुप्रिम मल्ल ठकुरी र पूजा देवकोटाको नयाँ देउसी गीत सार्वजनिक भएको छ।

यसले पनि छोटो समयमा दर्शक, श्रोताहरूको मन जितिरहेको छ। गुडलक

(बाँकी तेस्रो पातामा)

## फरक समाचार

# वृन्दावनमा टुट्यो सदिऔं पुरानो परम्परा

समाजको वर्जना र सदिऔं पुरानो परम्परालाई तोड्दै आश्रममा बस्ने ठूलो सङ्ख्यामा रहेका विधुवा महिलाहरूले पवित्र शहर वृन्दावनको यमुना नदीको तटमा दीपावली उत्सवमा सहभागी भएका छन्।



सदिऔं पुरानो हिन्दू समाजमा विधुवालाई अशुभ मानिन्थ्यो र उनीहरूलाई कुनै पनि शुभ अनुष्ठानमा भाग लिने अनुमति थिएन। केही वर्ष पहिलेसम्म वाराणसी र वृन्दावनमा बस्ने विधवाहरू होली र दीपावली महोत्सवमा भाग लिनबाट वञ्चित हुँदै आएका थिए।

विभिन्न आश्रय गृहमा बस्ने ठूलो सङ्ख्यामा रहेका विधुवाहरूले ऐतिहासिक केसी घाटमा जम्मा भएर रङ्गबिरङ्गी दियो बाले र धूमधामका साथ प्रकाश पर्व मनाए। विधुवाहरूले घाट सजाए र सयौं माटोको दियो बाले। उनीहरूले कृष्ण भजन गाए र अन्य भक्तहरूको उपस्थितिमा नृत्य पनि गरे।

यो कार्यक्रम सुलभ इन्टरनेशनलद्वारा सुप्रसिद्ध समाज सुधारक डा विन्देश्वर पाठकको मार्गदर्शनमा आयोजित गरिएको थियो। खुशीको एउटा किरण ल्याउन र विधवापनको परम्परासँग लड्ने उद्देश्यले पाठकले यस अनौठो विचारको साथ उत्सव आयोजना गरेका थिए।

पाठकले भने– मलाई खुशी छ, हाम्रो पहलले समाजलाई प्रभावित गरेको छ। यस्तो नराम्रो परम्परा गायब भइरहेको छ। विधवा गौरवानी दास भन्छिन्, क्रान्तिकारी पहलहरूको शृङ्खलाबाट प्रेरित भएर विधुवाहरू अब खुशी छन् र वृन्दावनको आनन्द लिइरहेका छन्।

उनीहरूको सङ्गठनले सन् २०१२ देखि वृन्दावन र वाराणसीका विभिन्न आश्रममा बस्ने सयकडौं विधुवाहरूको हेरचाह गर्दै आइरहेको छ। यो संस्था समयसमयमा अन्य समारोह आयोजन गरेर एकल महिलाको जीवनमा खुशियाली ल्याउन अग्रणी भूमिका निर्वाह गर्दै आइरहेको छ। सुलभले नियमितरूपले उनीहरूको दैनिक आवश्यकता पूरा गर्नुका अलावा चिकित्सा सुविधा र व्यावसायिक प्रशिक्षण प्रदान गर्छ, ताकि उनीहरू गोधूलि वर्षको दौरान आफूलाई एक्लो महसूस गरून्।

# सोर थ्रोट भनेको के हो ?

बदलिंदो मौसममा घाँटी खसखसाउनु सामान्य कुरा हो। तर यो समस्या जब लामो समयसम्म रहन्छ भने चिकित्सकलाई अवश्य देखाउनुपर्छ। के हो सोर थ्रोटः घाँटी खसखसाउनु, आवाज बस्नु र जलन महसूस हुन्छ। तर जब यो समस्या पटक–पटक हुने र चाँडै ठीक हुँदैन भने एउटा गम्भीर समस्या बन्न सक्छ। यस्तो समस्यालाई घरेलु उपायबाट पनि ठीक गर्न सकिन्छ तर यदि समस्या गम्भीर छ भने चिकित्सकलाई देखाउनुपर्छ।



**एलर्जीः** जब कसैलाई एलर्जी हुन्छ, तब उसको इम्युन सिस्टम कमजोर हुन थाल्छ, जसको कारण घाँटीसम्म सङ्क्रमण पुग्छ। हेल्थलाइन अनुसार कुनै वस्तु, बिरुवा, पालुवा जनावरको चाया र धूलोबाट हुने एजर्लीले हामीलाई सङ्क्रमित गर्छ। प्रदूषणको ससाना कण हाम्रो रेस्पिरेटरी सिस्टममा पुगेर त्यसलाई जाम गरिदिन्छ र यसबाट सङ्क्रमण हुन्छ।

**टन्सिलः** लामो समयसम्म इन्फेक्शन र घाँटी खसखसाउँछ भने यस्तो अवस्थामा टन्सिल हुन सक्छ। घाँटी दुख्ने, आवाजमा बदलाव भएपछि टन्सिल हुन सक्छ।

यस्तो अवस्थामा तातो पानीको सेवन, एयरप्युरिफायरको प्रयोग र नोजल क्लिनकरको प्रयोग गर्नुपर्छ। वाफ लिने, मह र कागतीको चिया पिउनुपर्छ। नून–पानीले कुला गर्ने तथा धूमपानबाट टाढा बस्नुपर्छ।

# एप्पल घडीले बचायो ज्यान

एप्पलको घडी प्रविधिको एउटा टुक्रा मात्र होइन, यसमा केही जीवनरक्षण गुण पनि छ। एप्पल वाचलाई अनगिन्ती ज्यान बचाउने श्रेय पनि दिइएको छ तर यसपटक एकजना बालिकाको क्यान्सर भएको पत्ता लगाएको छ। एप्पल वाचले त्यस बालिकाको हाई हार्ट रेटबारे अभिभावकलाई सचेत गरेको थियो। एप्पल वाचको हार्ट रेट नोटिफिकेशन फिचर वाच एसई, वाच सेभेनको साथसाथै हालै लन्च भएको वाच एट र वाच अल्ट्रामा पनि उपलब्ध छ।



ओभर डेट्राउन अनुसार इमानी माइल्स नामक एकजना १२ वर्षीया बालिकालाई एप्पल वाचले उसको एबनर्मल हाई रेट हार्ट स्पीडको बारेमा लगातार उसकी आमा जेसिकालाई जानकारी गराएका थियो। लगातार अलर्टपछि जेसिकाले छोरीलाई अस्पताल लगिन्। इमानीको अपेन्डिसाइटिसको शल्यक्रिया गर्दा पनि समस्या समाप्त भएन। चिकित्सकले जेसिकालाई न्युरोएन्डोक्राइन ट्युमरको बारेमा बताए, यो रोग बच्चामा दुर्लभ हुन्छ। जाँचपछि ट्युमर इमानीको शरीरका अन्य भागमा पनि फैलिएको थियो। क्यान्सर हटाउन शल्यक्रिया गर्नुपऱ्यो। शल्यक्रियापछि सबै कुरा ठीक भयो।

एप्पल वाचमा इसिजी, हार्ट रेट नोटिफिकेशन, पल्स र क्रैश डिटेक्शनसहित जीवनरक्षकसम्बन्धी फिचर हुन्छन्। हालै एप्पल वाचको इसिजी हार्ट सेन्टरले लगभग तीन हजारपटक कम आराम गर्नेवाला हार्ट रेटको लागि अलर्ट पठाएर ब्रिटेनका एकजना ५७ वर्षीय व्यक्तिको ज्यान बचाएको थियो। डेभिडले पत्नीबाट उपहार पाएको एप्पल घडीबाट कैयौं अलर्ट पाएपछि अस्पताल पुगे। जाँच र परीक्षणपछि उनमा मुटुका थुप्रै समस्या देखिएको थियो।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# चिनियाँ राष्ट्रपति सी तेस्रो कार्यकालका लागि निर्वाचित

बेइजिङ, ६ कात्तिक/सिन्हवा

चिनियाँ राष्ट्रपति सी जिनपिङले माओत्सेतुङले चिनियाँ कम्युनिस्ट पार्टी स्थापना गरेयता चीनले देखेका सबैभन्दा प्रभावशाली नेताहरूमध्ये एकका रूपमा देशको शीर्ष नेताको रूपमा अभूतपूर्व तेस्रो कार्यकाल हासिल गरेका छन्।


तस्वीरः एजेन्सी

चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) को २०औं केन्द्रीय समितिको आइतवार सम्पन्न पहिलो पूर्ण अधिवेशनमा सी जिनपिङ महासचिवमा निर्वाचित भएको सरकारी सञ्चारमाध्यम सिन्ह्वाले जनाएको छ।

सीको अध्यक्षतामा भएको उक्त सत्रमा चिनियाँ कम्युनिस्ट पार्टीको २०औं केन्द्रीय समितिका २०३ सदस्य र १६८ वैकल्पिक सदस्यको सहभागिता थियो। उक्त सत्रमा सीलाई सिपिसी केन्द्रीय सैन्य आयोगको अध्यक्षमा पनि नियुक्त गरिएको थियो। एक हप्ता लामो बैठकपछि पाँच वर्षमा एकपटक सम्पन्न भएको राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ।

सिपिसीको सूचीकृत २०५ सदस्यमा ११ जना मात्र महिला रहेका छन्। सीपछिका दोस्रो शक्तिशाली अधिकारीका रूपमा हेरिँदै आएका चिनियाँ प्रधानमन्त्रीलाई नयाँ केन्द्रीय समितिमा समावेश गरिएको छैन। जसको अर्थ लीले आफ्नो पार्टी भूमिकाबाट बिदा लिने भएका छन्। रासस

# लाखौं खर्च गरेर बनाइएको घण्टाघरको घडी फेरि बिग्रियो

प्रस, वीरगंज, ६ कात्तिक/

वीरगंजको घण्टाघरको घडी फेरि बिग्रिएको छ। सधैं बिग्रिरहने सो घडी बनाउन महानगरले बर्सेनि लाखौं रुपैयाँ खर्च गर्ने गरेको छ। वीरगंजको आकर्षण र मुख्य स्थानमा रहेको सो घडीले अहिले गलत समय बताउने गरेको छ।

महानगरपालिकामा धेरैजना प्राविधिक भएपनि उनीहरूको लापरवाहीका कारण घडी बिग्रिएको एकजनाले गुनासो गरे। चाडपर्वमा महानगरले वारुणयन्त्रको सहयोगबाट घण्टाघर धुने गर्छ। धुने क्रममा घडीभित्र पानी पसेर बिग्रिएको बताइन्छ।

घण्टाघरको सफाइ गर्ने क्रममा पानीको दबाब र विद्युतीय उपकरणमा पानी पसेपछि घडी बिग्रिएको बताइन्छ। गत असार मसान्तमा सो घडी मरम्मत गर्न रु सात लाख खर्च भएको महानगर स्रोतले जनाएको छ।


तस्वीरः प्रतीक

# पूर्वप्रधानमन्त्री जोनसन स्वदेश फिर्ता

लन्डन, ६ कात्तिक/सिन्हवा

बेलायतका पूर्वप्रधानमन्त्री बोरिस जोनसन लेबर पार्टीको नेतृत्वका लागि औपचारिक प्रयास शुरू गर्न क्यारेबियन क्षेत्रको भ्रमण कटौती गरी शनिवार बेलायत आइपुगेको बेलायती सञ्चारमाध्यमले जनाएका छन्।

गत जुलाई ७ मा प्रधानमन्त्री जोनसनका मन्त्रीहरूले एकपछि अर्को गर्दै राजीनामा दिएपछि प्रधानमन्त्री जोनसनले राजीनामा दिन बाध्य भएका थिए।

जोनसनले अब प्रधानमन्त्रीको दौडमा भाग लिने इच्छा व्यक्त गर्दै आफू यसका लागि तयार रहेको बताएका छन्।

जोनसनको क्याबिनेटमा रहेका पूर्वअर्थमन्त्री ऋषि सुनकले पनि टोरी र बेलायती प्रधानमन्त्री पदका लागि १०० भन्दा बढी मनोनयन प्राप्त गरेका थिए।

प्रधानमन्त्री लिज ट्रसको राजीनामापछि पार्टी नेताका लागि १०० मनोनयनको थ्रेसहोल्डमा पुग्ने सुनक शुक्रवार अबेर टोरी नेतृत्वको पहिलो दाबेदार बनेका छन्।

पछिल्लो नेतृत्वको प्रतिस्पर्धामा ट्रससँग पराजित भएका सुनकलाई बेलायतको प्रधानमन्त्रीको दौडमा प्रवेश गर्न कन्जर्भेटिभ पार्टीका कम्तीमा १०० सांसदको समर्थन प्राप्त भएको थियो।

बेलायती प्रधानमन्त्री लिज ट्रसले बिहीवार प्रधानमन्त्री पदबाट राजीनामा दिएपछि यो एउटा महत्त्वपूर्ण घटनाक्रम हो। राजीनामाले देशलाई राजनीतिक उथलपुथलमा फसाएको छ र स्थिर सरकारको खोजी गरेको छ किनकि विपक्षीहरूले आमचुनावको आफ्नो माग दोहोऱ्याएका छन्।

हाउस अफ कमन्सकी टोरी नेत्री पेनी मोर्डाउन्टले पनि शुक्रवार आफ्नो दाबेदारी प्रस्तुत गरेकी थिइन्।

"नयाँ सुरुआत, एकताबद्ध पार्टी र राष्ट्रिय हितमा नेतृत्व चाहने सहकर्मीहरूको समर्थनबाट म उत्साहित भएको छु," मोर्डाउन्टले ट्वीटरमा लेखेकी छन्।

टोरी सांसदहरूले सोमवार मतदान गर्नेछन् र दुई उम्मेदवार टोरी सदस्यताको लागि अगाडि राखिनेछन्। नतीजा २८ अक्टोबर घोषणा हुनेछ।

पदबाट राजीनामा दिएपछि ट्रस सबैभन्दा छोटो समय सेवा गर्ने बेलायती प्रधानमन्त्री बनेकी छन्। उनले आफू निर्वाचित भएको जनादेश पूरा गर्न नसक्ने बताउँदै राजीनामा दिएकी हुन्।

ट्रसले आगामी साताभित्र नयाँ नेतृत्व चयनका लागि आफूले राजीनामा दिने घोषणा गरेपछि पार्टी नेता चयन र प्रधानमन्त्रीको नेतृत्व चयनको प्रक्रिया शुरू भएको हो।

बेलायती अर्थमन्त्री क्वासी क्वार्टेङले घोषणा गरेको आर्थिक नीतिका कारण बेलायती अर्थतन्त्रमा प्रभाव देखिन थालेपछि ट्रसले बर्खास्त गरेकी थिइन्। गृहमन्त्री सुएला ब्रेभरम्यानले राजीनामा दिएपछि ट्रसले राजीनामा दिएकी हुन्। गत महीना बोरिस जोनसनको उत्तराधिकारी बनेपछि लिज ४५ दिनका लागि मात्र सत्तामा रहेकी थिइन्। रासस

# श्रेष्ठको उम्मेदवारीले एमालेलाई धक्का लाग्न सक्ने

प्रस, निजगढ, ६ कात्तिक/

आसन्न मङ्सिर ४ गते हुने निर्वाचनमा प्रदेशसभा सदस्यमा बारा क्षेत्र नं १ (क)बाट एकबहादुर श्रेष्ठले स्वतन्त्र उम्मेदवारी दिएसँगै नेकपा एमालेलाई ठूलो चुनावी धक्का लाग्ने आकलन गरिएको छ।



तस्वीरः प्रतीक

विद्यार्थीकालदेखि नै नेकपा एमालेबाट राजनीतिमा प्रवेश गर्दै यसै क्षेत्रलाई पेशा बनाउँदै समाजसेवामा निरन्तर लागेका श्रेष्ठ तत्कालीन निजगढ गाउँ विकास समितिका पूर्वअध्यक्षसमेत हुन्।

भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा निजगढ नगरपालिकाको प्रमुख पदमा पार्टीले टिकट नदिएपछि उनले स्वतन्त्र उम्मेदवारी दिएका थिए।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टीलाई तत्काल स्थानीय तहमा सहयोग गर्न आग्रह गर्दै प्रदेशसभाको निर्वाचनमा न्याय गर्ने प्रतिबद्धता जनाएको र स्थानीय नेता, कार्यकर्ताले समेत पार्टीमा फर्किन आग्रह गरेसँगै स्वतन्त्र उम्मेदवारीबाट पछि हट्दै एमालेको चुनावी अभियानमा अग्रमोर्चामा समेत खटेका थिए।

जसको फलस्वरूप निजगढ नगरपालिकाको प्रमुख र उपप्रमुख पदमा एमालेलाई जिताउन सफल भए। तर उनको योगदानलाई एमाले मूल्याङ्कन नगरेपछि प्रदेशसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवारी दिएका श्रेष्ठलाई जिताउन शुभेच्छुकहरू खुलेर लागेका छन्।

३० वर्षदेखि समाजसेवामा लाग्दै आइरहेकोले मतदाताहरूले पार्टीभन्दा पनि व्यक्ति हेर्न थालेकाले पनि आफ्नो उम्मेदवारी कायमै रहेको र जित्नेमा आफू ढुक्क रहेको नेता श्रेष्ठले भने।

श्रेष्ठसहित उनका शुभचिन्तक, शुभेच्छुकहरू मत माग्न दैनिक घरदैलो अभियानमा निरन्तर जुटिरहेका छन्। उनी आफ्नो क्षेत्रमा पर्ने अधिकांश जनताको घरदैलोमा पुगिसकेका छन्। उनको निस्स्वार्थ चुनावी अभियानले नेकपा एमालेका प्रदेशसभा सदस्यलाई मात्र नभई, प्रतिनिधिसभा सदस्यका उम्मेदवारलाई समेत ठूलै धक्का लाग्न सक्ने आकलन गरिएको छ।

# बाढीका कारण १५ लाखभन्दा बढी बालबालिका जोखिममा

अबुजा, ६ कात्तिक/एएनआई

नाइजेरियामा अधिकांश बालबालिकासहित २५ लाखभन्दा बढी मानिसलाई मानवीय सहायताको खाँचो रहेको संयुक्त राष्ट्रसङ्घीय निकाय युनिसेफले जनाएको छ।

प्रभावितमध्ये ६० प्रतिशत बालबालिका रहेको र विगत एक दशकको सबैभन्दा भीषण बाढीका कारण पानीजन्य रोग, डुब्ने र कुपोषणको उच्च जोखिममा रहेको युनिसेफले चेतावनी दिएको छ।

बाढीका कारण देशका ३६ राज्यमध्ये ३४ राज्य प्रभावित भएका छन् भने १३ लाख मानिस विस्थापित भएका छन्।

बाढीका कारण छ सयभन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् भने दुई लाखभन्दा बढी घर आंशिक वा पूर्णरूपमा क्षतिग्रस्त भएका छन्। युनिसेफका अनुसार झाडापखाला र पानीजन्य रोग, श्वासप्रश्वाससम्बन्धी सङ्क्रमण र छालासम्बन्धी रोगका घटना बढ्दै गएका छन्।

उत्तरपूर्वी राज्यहरू बोर्नो, अदामावा र योबेमा मात्र अक्टोबर १२ सम्ममा हैजाका सात हजार ४८५ बिरामी भेटिएका र ३१९ जनाको मृत्यु भएको थियो। केही हप्तासम्म वर्षा जारी रहने भएकोले मानवीय आवश्यकता पनि बढ्ने अनुमान गरिएको छ। नाइजेरियाका लागि युनिसेफका प्रतिनिधि क्रिस्टियन मुन्डुएटले भने, "बाढी प्रभावित क्षेत्रका बालबालिका र किशोरकिशोरीहरू अत्यन्तै जोखिममा छन्।"

"उनीहरू विशेषगरी पानीबाट हुने रोग र भावनात्मक र मनोवैज्ञानिक सङ्कटको जोखिममा छन्। युनिसेफले सरकार र अन्य साझेदारहरूसँग मिलेर अति आवश्यक परेकाहरूलाई जीवनरक्षक सहायता प्रदान गर्ने काम गरिरहेको छ। बाढीले देशमा पहिलेदेखि नै अनिश्चित मानवीय स्थितिमा जटिलताको अर्को तह थपिरहेको छ।

बालबालिकाका लागि तत्काल प्राथमिकताका आवश्यकताहरूमा आश्रय र भोजनसहित स्वास्थ्य, पानी, सरसफाइ र स्वच्छता समावेश छन्। बढ्दो आवश्यकतालाई सम्बोधन गर्न र जारी मानवीय हस्तक्षेपलाई निरन्तरता दिन, अपाङ्गता भएका बालबालिकालगायत अति जोखिममा रहेका व्यक्तिहरूलाई ध्यान केन्द्रित गर्न थप कोष र स्रोतहरूको आवश्यकता पर्दछ।

'युनिसेफको चिल्ड्रेन क्लाइमेट रिस्क इन्डेक्स (सिसिआरआई)'का अनुसार नाइजेरिया जलवायु परिवर्तनको प्रभावको अति उच्च जोखिममा रहेको छ। संयुक्त राष्ट्रसङ्घीय निकायले 'अति उच्च जोखिम' भएका मुलुकका बालबालिकाले पानी, सरसफाइ, स्वास्थ्य सेवा र शिक्षाजस्ता अपर्याप्त आवश्यक सेवाका कारण जलवायु र वातावरणीय समस्याका साथै उच्चस्तरको अन्तर्निहित बाल जोखिमको घातक संयोजनको सामना गर्नुपरेको जनाएको छ। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुभय | वृष – चोरभय |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनखति | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – धनलाभ |
| धनु – कर्मप्राप्ति | मकर – राज्यभय |
| कुम्भ – रोगभय | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

प्लास्टिकको झोला बहिष्कार गरौं,
कपडाको झोला प्रयोग गरौं।
वीरगंज महानगरपालिका


# रसुवागढी नाकाबाट पाँच अर्ब भन्दाबढीको सामग्री आयात

रसुवा, ६ कात्तिक/रासस

नेपालको उत्तरी नाका रसुवागढीबाट आयात भएका चिनियाँ सामग्रीको भन्सार मूल्याङ्कन छिटोछरितो भइरहेको छ। तिहारका लागि आयात भएका स्याउ, ओखर, किवी, स्याउपातीजस्ता फलफूल छिटोभन्दा छिटो बजारमा पुगोस् भन्ने उद्देश्यले त्यस्ता सामग्री सकभर आयात आएकै दिन जाँचपास गराउन भन्सार प्रशासन अग्रसर भएको हो।

प्रमुख भन्सार अधिकृत नारायणप्रसाद भण्डारीका अनुसार चीनबाट आयात भएका सामग्री परीक्षण एवं नियम अनुसार भन्सार शुल्क कायम गराउन पर्याप्त जाँचकी परिचालन गरिएको र फलफूललगायत कुहिने चीज राजमार्गमैं र अन्य सामग्री खोला बगरमा रहेको आफ्नै कम्पाउन्डबाट छिटोछरितो परीक्षण भइरहेको छ। तिहारलाई केन्द्रित गरी गत असोज २५ देखि कात्तिक ५ गतेसम्म रसुवागढी नाकाबाट चिनियाँ ठूला टिपरमार्फत दाँतेओखर १९ टिप, स्याउ ३० टिप, स्याउपाती एवं किवी चार/चार टिप आयात भएको सीमा क्षेत्रका सुरक्षाकर्मीले जनाएका छन्।

प्रसादको रूपमा चढाइने र मानिस बिरामीलाई उपभोग गराउन महत्त्वपूर्ण मानिने स्याउको माग आपूर्ति सहज बनाउन नेपाली व्यवसायीले गरेको लगानी आम उपभोक्ता सामु हितकारी बन्दै गएको स्थानीय बासिन्दाले बताएका छन्।

रसुवागढी आइपुग्दा फुजी स्याउको मूल्य प्रतिकिलो रु ७५ र अन्य जातका स्याउ प्रतिकिलो रु ५५ पर्ने भन्सार कर्मचारी बताउँछन्। स्याउजस्ता फलफूलको भन्सार दस्तुर प्रतिट्रकको हिसाबले मात्र शुल्क लिने गरिएको बताइएको छ। वर्षायाममा सडकमार्ग अवरुद्ध हुने र हावा नपस्ने कन्टेनर डिब्बामा राखिएको स्याउ पाँच/सात दिन सडकमैं रोकिनुपर्ने अवस्था आए कुहिएर नोक्सान हुने विगतको समस्यालाई मनन गरी वर्षा रोकिए लगत्तै फलफूल आयात गर्न थालिएको हो।

नेपाली बजारको मागका आधारमा व्यापारीले फलफूलका साथै महिला तथा पुरुष एवं बालबालिकाका लागि विविध तयारी पोशाक रसुवागढी नाकाबाटै आयात हुने गरेको भन्सार अधिकृत रेशम खड्का बताउँछन्। टिमुरेस्थित रसुवा भन्सार कार्यालयले दिएको विवरण अनुसार पुरुषका लागि ज्याकेट, पञ्जा, टोपी, ट्राउजर, पाइन्ट सुरुवाल तथा महिलाका लागि ब्रा, पेन्टी, टिसर्ट, स्वेटर, बच्चाका लागि बेबीसेटजस्ता दर्जनौं विविध तयारी पोशाकसमेत आयात गर्ने गरिएको व्यवसायी धर्म पौडेल जानकारी दिन्छन्।

उनका अनुसार उपभोक्ताको चाहना, खपतको आकलन, मूल्यको अवस्थासमेतलाई मध्यनजर गर्दै आयात गर्नका लागि अनुमतिप्राप्त नेपाली व्यवसायी फर्मले चिनियाँ उत्पादक कम्पनीसँग सामग्री माग गर्ने गरेका छन्। यस्तै, चालू आर्थिक वर्षको साउनदेखि असोज मसान्तसम्म रसुवागढी नाकामा हालसम्मको मूल्याङ्कन अनुसार कुल रु पाँच अर्ब ६६ करोड ३० लाख ८३ हजार बराबरको आयात भएको देखाएको छ।

व्यवसायीले मगाएको १५० भन्दा बढी विद्युतीय सवारीसाधन जाँसपास हुन बाँकी रहेको र ती सवारीसाधनबाट प्राप्त हुने राजस्व भने जाँचपासपछि मात्र दाखिला हुने भन्सार कार्यालयका सूचना अधिकारी भरतराज अधिकारी जानकारी दिन्छन्। राजस्व बुझाउन आयातकर्ता अनुपस्थित रहेका कारण डोजर, कार, स्कूलबसलगायत सवारीसाधन भन्सार हातामा थन्किएका छन्।

गत साउनदेखि असोज मसान्तसम्म कुल रु एक अर्ब ४८ करोड ९९ लाख ८७ हजार राजस्व दाखिला भएको प्रमुख भन्सार अधिकृत भण्डारी उल्लेख गर्छन्। जाँचपास हुन नसकी टिमुरेदेखि रसुवागढीसम्म ठाउँ–ठाउँमा रोकिएका सबै सामग्री सीमा प्रहरी टिमुरेलगायत सुरक्षा अङ्गले रेखदेख सुरक्षा गरिरहेको सीमा प्रहरी प्रमुख गम्भीरजङ्ग थापा बताउँछन्।

साउनदेखि हालसम्म ८४८ कन्टेनरबाट विविध सामग्री नेपाल भित्रिएको छ। विगतमा कोरोना सङ्क्रमणका कारण आर्थिक मन्दीमा परेका सबै ट्रक तथा कन्टेनर व्यवसायी अहिले चलायमान भइसकेका छन्।

आयात भएका सामग्रीमा स्याउ, ओखर, रेडिमेट कपडाका साथै हाइड्रो पावरका उपकरण र सवारीसाधनका पार्टपुर्जा, मेडिकल सामग्रीका साथै चिनियाँ ठूला दुई कन्टेनरमार्फत तासमेत आयात भएको जनाइएको छ।

# पाँच दलीय गठबन्धनद्वारा नगरस्तरीय भेला सम्पन्न

प्रस, निजगढ, ६ कात्तिक/

आसन्न मङ्सिर ४ गते हुने


तस्वीरः सौजन्य

निर्वाचनमा जीतको नतीजा आफ्नो पोल्टामा पार्ने उद्देश्यले आइतवार निजगढमा पाँच दलीय गठबन्धनको आयोजनामा नगरस्तरीय भेला सम्पन्न भएको छ ।

जनताको लामो सङ्घर्ष, त्याग, मेहनत, शहीदहरूको बलिदानीबाट प्राप्त प्रजातन्त्र, लोकतन्त्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधानको रक्षा गर्दै राष्ट्र, राष्ट्रियता, स्वाधीनता र आमजनताका हकअधिकार सुनिश्चित गर्दै आर्थिक समृद्धि, विकास, रोजगारलगायतका तमाम समस्यालाई समाधान गर्न पाँच दलीय गठबन्धनको मुलुकलाई आवश्यकता भएको महसूस गरी आसन्न निर्वाचनमा साझा उम्मेदवार उठाएकाले हामी सबैको पहिलो लक्ष्य भनेको चुनाव जित्नु रहेको भन्दै पाँच दलीय गठबन्धनका नगर, वडा स्तरीय नेता, अगुवा कार्यकर्ताहरू यसै निर्वाचन अभियानमा होमिसकेको वक्ताहरूले बताए । यो निर्वाचन व्यक्ति जित्ने–हार्ने भन्दा पनि प्रतिगमन पक्षधर र अग्रगमन पक्षधरबीचको चुनावी महासंग्राम रहेको बताउँदै आमजनताको मन जित्दै मत प्राप्त गरी चुनाव जित्ने गरी अभियान सञ्चालन भइरहेको र यस अभियानलाई अझै प्रभावकारी बनाउन कुनै कसर बाँकी नराख्ने पाँच दलीय गठबन्धनका नगर अध्यक्षहरूले बताएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि एवं खानेपानी तथा सरसफाइमन्त्री बारा क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार उमाकान्त चौधरीले प्रजातन्त्र, लोकतन्त्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्र र संविधानको रक्षा गर्दै मुलुकको चौतर्फी विकासमा सहयोग गर्न साझा सङ्कल्पका साथ पार्टीले आफूलाई उम्मेदवार बनाएको भन्दै मतदाताहरूको साथ गठबन्धन दलका उम्मेदवारहरूले पाउनेमा आफू ढुक्क भएको बताए ।

यसअघिको आमनिर्वाचनमा बहुमतप्राप्त नेकपा एमालेका अध्यक्ष एवं तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रजातन्त्र, लोकतन्त्र, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, संसद् र संविधानको मर्मविपरीत पटक–पटक प्रहार गरेकाले जनतासँग मत माग्ने कुनै नैतिक आधार नभएको आरोप नेता चौधरीले लगाए ।

कार्यक्रमका विशिष्ट अतिथि एवं नेपाली काङ्ग्रेसका युवा नेता तथा बारा क्षेत्र नं १ (क)बाट प्रदेशसभा सदस्यका उम्मेदवार रमेशप्रसाद दङ्गालले आम जनताका हकअधिकारको संरक्षण गर्दै शिक्षा, स्वास्थ्य, कृषि, सिंचाइ, पर्यटन, धार्मिकस्थल, उद्योग–व्यवसायलगायतको विकासका लागि आफ्नो उम्मेदवारी रहेको बताउँदै जीतको नतीजा प्राप्त हुने गरी अभियानमा सबैलाई अघि बढ्न आग्रह गरे ।

कार्यक्रममा अन्य उम्मेदवारहरू रवीन्द्र पनुहर, मीना लामालगायतको सहभागिता थियो ।

कार्यक्रममा केन्द्रीय चुनाव प्रचारप्रसार समिति सदस्य शम्भुबहादुर बुढाथोकी, नेकपा माओवादी केन्द्र खेलकूद विभागका अध्यक्ष युवराज लामा, नेका मधेस प्रदेश उपसभापति चन्द्रशेखर यादव, नेकपा माओवादी केन्द्रका मधेस प्रदेश सदस्य बेनीबहादुर मोक्तान, नेका बारा क्षेत्र नं १ का क्षेत्रीय सभापति विजयशङ्कर यादव, पाँच दलीय गठबन्धनका नेताहरू सीता मैनाली, धनमाया लामा, मनमाया तामाङ, सुरेशकुमार खनाल, पेमासिद्धि लामा, रविराज दङ्गाल, महेशी कुमर, पद्मबहादुर भण्डारी, कृष्णबहादुर लो, भाइकाजी श्रेष्ठ, राजेन्द्र ढोडारीलगायतको सहभागिता थियो ।

नेपाली काङ्ग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा पार्टीका प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका गठबन्धनका साझा उम्मेदवारहरूलाई बारा क्षेत्र नं १ बाट भारी मतले विजयी गराउने गरी सो भेलाको आयोजना गरिएको नेपाली काङ्ग्रेस पार्टी निजगढ नगर सभापति नवराज तिमल्सिना, नेकपा माओवादी केन्द्र नगर अध्यक्ष सन्तोष दङ्गाल, नेकपा एकीकृत समाजवादीका नगर अध्यक्ष भीमसेन सापकोटाले बताए ।


## विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेर मात्र भुक्तानी गर्ने गरौं ।
- सञ्चारमाध्यमले जारी गरेको बिजक र एजेन्सी कमिसन खुल्ने बिजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं ।
- सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महीनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महीनाभित्र भुक्तानी गरौं ।
- समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## सुरक्षित यात्रा....

सवारीसाधन सञ्चालन गरी पठाएको ट्राफिकले जनाएको छ ।

चेकजाँचमा तीनजना चालकले मापसे गरेका थिए । १८१ जनाको आँखा चेकजाँच गर्दा एकजनाको आँखामा समस्या देखिएको थियो ।

कार्यक्रममा लागूऔषध ब्युरो र केनाइन टोलीले कुकुर प्रयोग गरेर लागूऔषध सेवन तथा ओसारपसारबारे चेकजाँच पनि गरेको सूचना अधिकारी प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले बताए ।

उनले यो कार्यको लागि प्रहरी उपरीक्षक नान्तीराज गुरुङको कमान्डमा ९९ जना ट्राफिक प्रहरी, इप्रका अमलेखगंजका सातजना प्रहरी, एमभी दुगड अटोमोबाइल्सका २४ जना मेकानिकको टोली, नेपाल मेडिसिटी वयोधा अस्पताल, वीरगंजका १५ जना मेडिकल टोली, नेपाल आँखा अस्पताल, औराहा, बाराका चारजना टोली, लागूऔषध ब्युरो शाखाका प्रनानि तुलप्रसाद पुडासैनीको नेतृत्वमा तीनजना, केनाइन शाखा वीरगंजका कुकुर रोजीसहितको १५४ जनाको टोली सहभागी रहेको बताए ।

# खेलकूदको संसार

## स्वर्ण पदक विजेता अख्तर भन्छन्– 'मेरो रगतमा तेक्वान्दो छ, अन्तर्राष्ट्रिय मेडल जित्ने सपना छ'

प्रस, परवानीपुर, ६ कात्तिक/

भर्खरै गण्डकी प्रदेशको राजधानी पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकूद प्रतियोगितामा तेक्वान्दोको ५८ किलो तौल समूहमा मधेस प्रदेशले स्वर्ण पदक पाएको थियो । विभागीय टोली नेपाल प्रहरी र नेपाली सेनाका व्यावसायिक खेलाडीहरूलाई पराजित गर्दै मधेस प्रदेशको तर्फबाट स्वर्ण पदक जित्ने खेलाडी हुन्, वीरगंज–३ छपकैयाका १७ वर्षीय महमद शोयब अख्तर ।


तस्वीरः प्रतीक

उनले बेनीमा आयोजित फाइनल राउन्डको खेलमा नेपाल प्रहरीका खेलाडी सुवासचन्द्र बोहरालाई हराएर स्वर्ण पदक पाएका थिए । नेपाली सेनाका खेलाडी तेस्रो भएका थिए ।

वीरगंज श्रीपुरस्थित ग्लोबल बिजनेश क्लेजबाट भर्खरै १२ कक्षा उत्तीर्ण गरेका शोयबको आगामी सपना अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्ने रहेको छ । उनले भने, "निकै गौरव अनुभव भइरहेको छ, विगत सात वर्षको सपना साकार भएको छ, वीरगंज र आफ्नो माटोको लागि केही गर्न सकेको छु, अब आगामी यात्राको ढोका खुलेको छ ।" उनले राष्ट्रिय टीममा छनोटको लागि तालीम तथा प्रशिक्षण शुरू गरिसकेका छन् र साफ र एशियन खेल खेल्ने आगामी योजना रहेको बताए । उनका बुबा मन्सुर महमद मियाँ तेक्वान्दोका पुराना खेलाडी हुन् । उनी छपकैयामा तेक्वान्दो डोजाङ चलाउँछन् र त्यहींबाट शोयबले प्रारम्भिक प्रशिक्षण र तालीम पाएका हुन् । "मैले सात वर्षदेखि निरन्तर मिहिनेत गर्दै आएको छु, सबै श्रेय बुबालाई दिन चाहन्छु, उहाँले मलाई बनाउनुभएको हो," उनले भने, "पछि वीरगंज तेक्वान्दो डोजाङका उमेश गुरुको आर्शीवाद र प्रशिक्षण पाएर यो उपलब्धि हासिल गरेको हुँ ।" तेक्वान्दो खेलाडीको लागि 'डाइट मेन्टेन' र नियमित अभ्यास नै मुख्य कुरा भएकोले त्यसलाई पछ्याइरहेको उनले बताए । पोखराको खेलबाट उनले रु १८ हजार भत्ता पाएको र स्वर्ण पदक जित्ने खेलाडीलाई मधेस प्रदेश सरकारले ५५ हजार नगद राशि दिने प्रतिबद्धता गरेकोमा हालसम्म नपाएको जिकिर गरे । उनले अन्य खेलाडीलाई राष्ट्रको लागि खेल्ने भावनाका साथ खेलमा अवश्य पनि उपलब्धि हासिल गर्न सकिने सुझाव दिए ।

## कुश्तीमा स्वर्ण पदक जितेका यादव र तुराहाको सम्मान

प्रस, वीरगंज, ६ कात्तिक/




पर्सा क्षेत्र नं २ (ख)बाट स्वतन्त्र उम्मेदवार मुकेश द्विवेदीले नवौं राष्ट्रिय खेलकूद प्रतियोगितामा कुश्तीमा ६५ किलो तौल समूहमा स्वर्ण पदक जितेका सुजीत यादव र ५७ किलो तौल समूहमा स्वर्ण पदक जितेका कुन्दन साह तुराहालाई सम्मान गरेका छन् ।

पोखरामा सम्पन्न प्रतियोगितामा यादव र तुराहाले कुश्तीमा स्वर्ण पदक जितेकाले आइतवार उनीहरूलाई अबीर, माला, खादा लगाएर मायाको चिनो दिई उम्मेदवार द्विवेदीले सम्मान गरेका हुन् । सो अवसरमा उनले राष्ट्रिय खेलमा विजयीहरूलाई अन्तर्राष्ट्रिय कुश्ती प्रतियोगितामा पनि जीत हासिल गरेर देशको नाम उच्च राख्न शुभकामना दिए ।

कार्यक्रममा कुश्तीका प्रशिक्षक धर्मराज यादव, किसुनदेव यादव, भगतजी, मदन यादवलगायतको सहभागिता थियो ।

## ब्रह्मज्योति गोल्डकपः जनचेतना र श्रीस्टार विजयी

चिरञ्जीवी सापकोटा, ठोरी, ६ कात्तिक/

नेपालीहरूको दोस्रो ठूलो चाड दीपावली र छठ पर्वको अवसरमा ब्रह्मज्योति युवा क्लबको आयोजनामा जारी ब्रह्मज्योति गोल्डकप नकआउट फूटबल प्रतियोगिताको दोस्रो दिनको खेलमा जनचेतना युवा क्लब र श्रीस्टार युवा क्लब


तस्वीरः प्रतीक

विजयी भएका छन् । आजको पहिलो खेलमा जनचेतना युवा क्लब, ठोरी–१ भगवाननगरले निचुटा युथ क्लब, निचुटालाई ३–१ गोलअन्तरले पराजित गरेको छ । जनचेतनाको जीतमा जर्सी नं ८ का सुदीप घले र जर्सी नं २२ का करण महतोले समान एक/एक गोल गरे भने निचुटा युथ क्लबका खेलाडीले आत्मघाती एक गोल गरेका थिए । निचुटा युथ क्लबको जर्सी नं १३ का सन्तोष चौधरीले एक गोल गरी आफ्नो टीमलाई सान्त्वना दिलाएका थिए । आजको पहिलो खेलको 'म्यान अफ दी म्याच' जनचेतनाका जर्सी नं ८ का सुदीप घले घोषित भएको आयोजक क्लबका अध्यक्ष पन्नालाल विष्टले जानकारी दिए ।

आजै भएको दोस्रो खेलमा श्रीस्टार युवा क्लब, ठोरीले युवा समाज पकडीटोल, जीराभवानीलाई ३–० गोलअन्तरले पराजित गर्दै अगाडिको यात्रा तय गरेको छ । श्रीस्टारको जीतमा जर्सी नं ९ का रोजल ढकाल, जर्सी नं ११ का प्रवेश तिमल्सिना र जर्सी नं १७ का योगेश तिमल्सिनाले समान एक/एक गोल गरी आफ्नो टीमलाई विजयी बनाए । दोस्रो खेलको 'म्यान अफ दी म्याच' श्रीस्टारका जर्सी नं ९ का रोजल ढकाल घोषित भएको पनि विष्टले जानकारी दिए ।

भोलि एकमात्र खेल हुनेछ । भोलिको खेल अमृत युवा क्लब, ठोरी–२ सुन्दरबस्ती र सुवर्ण युवा क्लब, सुवर्णपुरबीच हुने अध्यक्ष विष्टले जानकारी दिए । भोलिको खेल दिनको एक बजे खेलाइनेछ ।

२० वटा टीमको सहभागिता रहेको यस खेलको फाइनल खेल कात्तिक १८ गते हुनेछ । खेलमा विजेतालाई नगद रु एक लाख पाँच हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ भने उपविजेतालाई नगद रु ५३ हजार, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गदिनेछ । खेलको उत्कृष्ट खेलाडीलाई नगद रु पाँच हजार १०० प्रदान गरिनेछ भने खेलभरि सबैभन्दा बढी गोल गर्ने खेलाडीलाई चाँदीको जुत्ता प्रदान गरिने अध्यक्ष विष्टले जानकारी गराए ।